# अध्याय-एक

# **शोध-परिचय**

## १.१ अध्ययनको पृष्ठभूमि

उच्च माध्यमिक शिक्षा परिषद्ले पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्ने क्रममा कक्षा-११ का लागि **सबैको नेपाली** नामक पाठ्यपुस्तक प्रकाशित गरेको छ । यो अनिवार्य विषयको पाठ्यपुस्तक भएकाले यसको उद्देश्य भाषिक सीप अभिवृद्धि गर्नु हो । भाषा शिक्षणमा भाषा साधन र साध्य दुबै हुने भएकाले पाठ्यक्रमले राखेको राष्ट्रिय र तहगत उद्देश्य पूर्ति गर्न विभिन्न विधाहरू राखिएका हुन्छन् । तीमध्ये कविता पुरानो र रोचक विधा हो । भाषा पाठ्यपुस्तकमा यस विधाले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ ।

नेपाली भाषा नेपालको माध्यम भाषा, राष्ट्रभाषा, सरकारी कामकाजको भाषा र उच्च शिक्षाको माध्यम पनि हो । **सबैको नेपाली** पाठ्यपुस्तकभित्र रहेका कविता पाठ्यक्रमको उद्देश्य अनुरूपताका आधारमा कति उपयुक्त छन् भन्ने हेर्नु आवश्यक छ । यसले अध्यापक र अध्येता दुबैलााई उपयोगी हुने देखिन्छ । यसका साथै पाठ्यक्रम र पाठ्यपुस्तक निर्मातालाई पनि मार्गदर्शन हुन पुग्ने ठानिएको छ ।

## १.२ समस्या कथन

२०६७ सालमा उच्च माध्यमिक शिक्षा परिषद्ले पाठ्यक्रम परिवर्तन गर्ने क्रममा अनिवार्य नेपाली विषयको पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक तयार पारेको छ - **सबैको नेपाली** । उक्त पुस्तकको सम्पादन ठाकुर पराजुली र नेपाली विषयका अन्य विद्वान्हरूद्वारा गरिएको हो । उक्त पुस्तकलाई साझा प्रकाशनले प्रकाशित गरेको हो । उक्त पुस्तकका पाठ्य विषयका बारेमा र विधाका बारेमा पनि पर्याप्त विश्लेषण हुन बाँकी छ । **सबैको नेपाली** कक्षा- ११ को पाठ्यपुस्तक

भएकाले यसको अध्ययन र अध्यापन गर्ने दुबैका लागि कवितामा रहेको सैद्धान्तिक आधारमा शीर्षक, संरचना, लय, भाव, शब्दभण्डार र दृष्टिबिन्दु जस्ता कुराका बारेमा अध्ययन गरी तथ्य निकाल्नु आवश्यक हुन्छ । विधागत अनुसन्धान भएन भने पुस्तकको परिमार्जन गर्नलाई पनि अन्योल हुन्छ । तिनको अध्ययन नभएकाले उपर्युक्त समस्या टड्कारो रूपमा रहेको देखिन्छ । प्रस्तुत अनुसन्धानका समस्यालाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

क) भाषाशिक्षाणका दृष्टिले कविताको सैद्धान्तिक स्वरूप के कस्तो छ ?

ख) कविताको विश्लेषणका आधारमा पाठ्य कविता कस्ता देखिन्छन् ?

ग) पाठ्य कविताका अभ्यास खण्डका सबल र दुर्बल पक्ष कस्ता छन् ?

घ) पाठ्य कविताका, अभ्यास खण्ड र प्रश्नयोजनाका सुधारात्मक पक्ष के के हुन् ?

प्रस्तुत शोधकार्यमा माथिका समस्याको समाधान गरिएको छ ।

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार राखिएको छ :

क) भाषाशिक्षणका दृष्टिले कविताको सैद्धान्तिक स्वरूप पहिल्याउनु ;

ख) सैद्धान्तिक आधारमा कविताको चिनारी दिई समाविष्ट कविताको स्वरूप ठम्याउनु ;

ग) शैक्षणिक दृष्टिले कविताको तत्त्वका आधारमा पाठ्य कविताको विश्लेषण गर्नु ;

घ) पाठ्य कविताका अभ्यास खण्डको विश्लेषण गरेर सबल र दुर्बल पक्ष स्पष्ट पारी अभ्यास खण्ड र प्रश्नयोजनामा सुधार गर्नुपर्ने क्षेत्र प्रस्ट्याउनु ।

## १.४ औचित्य/महत्त्व

**सबैको नेपाली** पाठ्यपुस्तकमा रहेका विधाहरूको अध्ययन विश्लेषण हुनु र त्यसबाट निष्कर्ष निकाल्नु आवश्यक छ । यस क्रममा कविता विधाका बारेमा अध्ययन हुनु आफैंमा औचित्यपूर्ण छ । यसले पढाउने र पढ्ने दुबै पक्षलाई सहयोग त पुग्छ नै त्यसमा पनि सहयोगी सन्दर्भ सामग्री (पुस्तक) लेख्ने, अनुसन्धान गर्ने संस्था र व्यक्तिलाई पनि सहयोग पुग्छ । त्यसका साथै उच्च माध्यमिक शिक्षा परिषद्लाई पाठ्य कविता, अभ्यास, पाठ्यभार, अङ्कभार आदिमा पुनरावलोकन गर्ने र प्रश्न निर्माण गर्नका लगि विशिष्टीकरण तालिका (प्रश्न योजना) परिमार्जन गरी निर्माण गर्न सहयोग पुग्ने स्पष्ट छ । त्यसैमा यस अध्ययनको औचित्य/महत्त्व रहेको देखाउन सकिन्छ ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत शीर्षकमा गरिएको शोधकार्य **सबैको नेपाली**को कविता विधामा मात्रै केन्द्रित गरिएको छ । अनिवार्य नेपाली भएकाले सैद्धान्तिक पक्षमा विस्तारित नभएर त्यसको वस्तुगत विश्लेषण मात्र गरिएको छ । कक्षा-११ का शिक्षार्थीहरूको स्तरअनुसार उपयोगी हुने विश्लेषण गर्नु यसको सीमा हो । कविताका हरेक पाठमा रहेका नमुना अभ्यासको यहाँ चर्चा भएको छ । तर कतिपय अभ्यासहरू सम्बन्धित कविताको पाठसँग सम्बन्ध राख्ने खालका छैनन् । तिनलाई यहाँ समेटिएको छैन । कविताकै पाठको अङ्गका रूपमा राखिएको व्याकरण पनि कवितासँग सरोकार राख्ने खालका नभएकाले अध्ययनको विषय बनाइएको छैन । यिनै कुराहरू नै यस अनुसन्धान कार्यका सीमा हुन् ।

पाँचवटा कविका धेरै कविताहरू छन् । तिनको कुनै चर्चा यसमा गरिएको छैन र साधारण नेपाली विषयको पाठ्यपुस्तक भएकाले लेखकको प्रवृत्तिगत परिचय तथा नेपाली कविताको परम्परालाई पनि विवेच्य विषय बनाइएको छैन । यसका साथै एकअर्का कविताको तुलना गरी तिनको मूल्याङ्कन गर्नु यहाँ तहगत हिसाबले हेरी उपयुक्त ठानिएन ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा जम्मा ५ खण्ड रहेका छन् । तिनलाईअध्याय भनिएको छ । जसलाई निम्नानुसार राखिएको छ :

पहिलो अध्याय : शोध-परिचय

दोस्रो अध्याय : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा

तेस्रो अध्याय : अध्ययन विधि र प्रक्रिया

चौथो अध्याय : व्याख्या र विश्लेषण

पाचौँ अध्याय : सारांश, निष्कर्ष र उपयोगिता

माथि उल्लेख गरिएका मूल शीर्षकमा विभिन्न उपशीर्षकहरू पनि रहेका छन् ।

# अध्याय-दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा

## २.१ पूर्वाध्ययनको विवरण

**सबैको नेपाली** पाठ्यपुस्तकका बारेमा अनुसन्धानात्मक कृति पुस्तकाकारमाआएका छैनन् । उच्च माध्यमिक शिक्षा परिषद्ले अभिमुखीकरण गोष्ठी पर्याप्त गरेको त होइन तर केही भए पनि तिनमा विशेषतः वर्णविन्यासमा बढी केन्द्रित भएका छन् भन्ने दैनिक पत्रिकाले समाचार संप्रेषण गरेका छन् । विधागत सन्तुलन, तिनको छनोट र स्तरणका बारेका टिप्पणी छन् तर अनुसन्धानात्मक कृति छैनन् । कविता सिद्धान्त, कविताको स्वरूप, कविताका तत्त्व आदिका बारेमा विभिन्न समालोचकले अध्ययन गरेका छन् । **सबैको नेपाली** पाठ्यपुस्तक भएकाले यसभित्र कविता विधालाई समावेश गर्नुको औचित्यका बारेमा भाषाशिक्षणसँग सम्बन्धित पुस्तकमा चर्चा पाइन्छ । लयात्मक ज्ञान, शुद्धोच्चारण, आदिमा प्रवृत्त गराई कविताको आस्वादन लिई भावबोध गर्न लालयित हुने स्थितिको सिर्जना हुने कुरा औंल्याइन्छ । ती सैद्धान्तिक आधारमा रही उक्त पाठ्यपुस्तक तथा विशिष्टीकरण तालिकालाई पूर्वाध्ययन मानिएको छ । यिनीहरूले सम्बन्धित पाठ्य कविताको विश्लेषण गर्ने आधार दिएका छन् ।

यसका अतिरिक्त स्नातकोत्तर तहका शोधपत्रमा पठ्यक्रम अनुरूपताका आधारले पाठ्यपुस्तकमा राखिएका पाठहरू , शिक्षण कार्यकलाप , नमुना अभ्यास खण्डको विवेचना भएको देखिन्छ ।

यहाँ पुस्तकका माध्यमले गरेको समीक्षा र अप्रकाशित शोधपत्रले गरेका समीक्षालाई पूर्वाध्ययनका रूपमाचर्चा गर्नु सान्दर्भिक ठानिएको छ ।

(क) पाठ्यपुस्तकको समीक्षा

प्रस्तुत शोधपत्रमा पाठ्यपुस्तकभित्रका कविताको विश्लेषण गरेको हुनाले कविताको सिद्धान्त , स्वरूप आदिलाई चिनाउनुपर्ने अनि कविताका माध्यमले भाषा शिक्षण गर्नुको औचित्य देखाउनुपर्ने हुँदा सिद्धान्त र प्रयोगको समीक्षा गर्नु युक्तिसङ्गत हुने देखिन्छ । पुस्तकमा भएको विष्लेषण चिनारीपक्ष र शिक्षण पक्ष गरी हेर्नु आवश्यक हुन्छ ।

(अ) चिनारी पक्ष

चिनारी पक्षका अध्ययनले सैद्धान्तिक आधार तयार गर्न मद्दत पुऱ्याउँछ ।

त्रिपाठी (२०३१ ) ले कुमारबहादुर जोशीले लेखेको **महाकवि देवकोटा र उनका महाकाव्य**को लामो भूमिकामा अन्य विधाबाट कवितालाई छुट्ट्याउने आधार दिँदै कविताका तत्त्व र रूपको चिनारी दिएका छन् । यसले सैद्धान्तिक रूपमा कवितालाई चिनाएको छ ।

थापा (२०३६) ले कविताको व्युत्पत्ति, परिभाषा, पूर्व र पशि्चमका विभिन्न संप्रदाय र नेपाली साहित्य समीक्षकका प्रमुख धारणाको टिपोट गरेर विवेचना गरेका छन् । उनका समीक्षा पाठचपुस्तकभित्रका कविताको समीक्षा गर्न मद्दत पुऱ्याउने खालका देखिन्छन् ।

ज्ञवाली र अरू (२०६७) ले नेपाली कविता-काव्यलाई सैद्धान्तिक रूपमा चिनाएर त्यसको विश्लेषण गरेका छन् । उक्त पुस्तकमा पूर्वीय र पाश्चात्य आचर्यहरूको मत सङ्कलन गरेर समीक्षा गरेको पाइन्छ । यसबाट पूर्वीय, पाश्चात्य र नेपाली समालेचकको समीक्षा अद्यावधिक भएको मान्न सकिन्छ ।

निरैला (२०६७) ले पूर्वीय पाश्चात्य समीक्षकको धारणा मनन गरी कविताको परिभाषा र तत्त्वलाई चिनाएका छन् । उनले प्रवीणता प्रमाणपत्र तहको ऐच्छिक नेपालीमा समाविष्ट कविताका सन्दर्भमा उनले यी कुराको चिनारी दिएका

हुन् । यसले तहअनुसारका कविताको विश्लेषण गर्न सहयोगी भूमिका खेलेको छ । भट्ट (२०७४) ले सामाजिक विषयका कवितामा देखिने समसामयिक प्रवृत्ति देखाएको पाइन्छ । जसमा प्रेम, विरह, कुण्ठा,  आर्थिक सामाजिक थिचोमिचो, भेदभाव आदिले समाज आक्रान्त भएको र विविध भेदभावको खाडल पुर्नुपर्ने उपाय पनि सुझाएको विश्लेषण गरेको देखिन्छ । यसबाट पाठ्य कवितामध्ये सामाजिक विषयका कविताको विश्लेषण गर्ने आधार तयार भएको छ ।

(आ) शिक्षण पक्ष

शिक्षण प्रयोगात्मक पक्ष हो । भाषाको शिक्षणमा कुन कुन सामग्रीलाई कसरी पढाउने भन्ने देखाएको हुन्छ ।

अधिकारी (२०५०)ले भाषा पाठचक्रम , पाठचपुस्तकको जानकारी दिँदै हरेक विधाको औचित्य र शिक्षणको दिग्दर्शन गरेका छन् । त्यसमा कविता विधा पढाउनुको औचित्य र शिक्षण प्रिक्रयाको व्याख्या भएको देखिन्छ ।

अधिकारी र शर्मा (२०५६) ले लय र भावले शिक्षार्थीको शुद्ध उच्चारण गर्ने, आनन्दित भई पढ्नाले पढाइप्रति आकर्षित हुने कुरा देखाएर लयबद्ध पठन, भावबोध र छन्दबोधका अभ्यसका लागि उपयोगी हुने कुरा स्पष्ट पारेर तिनको प्रयोग पक्षतिर बाटो देखाएका छन् ।

शिक्षा मन्त्रालय(२०५६) ले पाठचक्रमको परिचय, नेपलको पठचक्रम परम्परा र औचित्यका बारेमा सूचना दिएको छ । राष्ट्रका लागि आवश्यक ज्ञान र सीपमा दक्ष जनशक्ति तयार गर्ने कार्यको मेरुदण्ड नीतिका रूपमा पाठ्यक्रमलाई चिनाएको छ ।

लामिछाने (२०५७) ले भाषाशिक्षणमा विधाहरूको शिक्षण गर्नुको उपयोगिता र प्रक्रिया सुझाएका छन् । पूर्ववर्ति विद्वान्का विचारको समसामयिक रूपमा विवेचना गर्ने काम उनले गरेको देखिन्छ ।

पराजुली र अरू (२०६७) ले उच्च माध्यमिक तहको अनिवार्य नेपालीको पाठ्यपुस्तक तयार पारी सामान्य रूपमा शिक्षण दिग्दर्शन पनि दिएको छ । हरेक पाठमा अभ्यास खण्ड राखी बोध क्षमता र सीपको विकास गर्ने योजना दर्शाएको छ । यसैमा पाठ्यभार, प्रश्नयोजना र तिनको विवरण खोलुवा पनि दिएको छ ।

उच्च माध्यमिक शिक्षापरिष्द् (२०६७) ले उक्त तहको अनिवार्य नेपालीको पाठ्यक्रम प्रकाशित गरी साधारण र विशिष्ट उद्देश्य स्पष्ट गरी विशिष्टीकरण तालिका पनि ल्याएको छ । यस कार्यले अनिवर्य नेपालीमा कविता राखेर शिक्षण गर्नुको उद्देश्य र त्यसको मूल्यङ्कन गर्ने विधि र प्रकिया समेत छर्लङ्ग पारेको देखिन्छ ।

(ख शोधकार्यको समीक्षा

स्नातकोत्तर तह नेपाशि.को अङ्गका रूपमा रहेको अनुसन्धान पत्रको पूर्तिका लागि शोधपत्र तयार गरिएका छन् । सम्बन्धित विषयक्षेत्रका अनुसन्धानपत्रको समीक्षालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

देवकोटा (२०६७) ले कक्षा-११ को पाठ्यक्रम अनुरूपताका आधारमा ऐच्छिक नेपालीका कविताको अध्ययन गर्दा कविता विश्लेषणका आधारतत्त्व देखाएर अध्ययन गरेको देखिन्छ । ऐच्छिक विषयमा साहित्यिक ज्ञान र सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने यद्देश्य राखेको हुन्छ । **सबैको नेपाली** अनिवर्य विषय भएकाले यहाँका कविताले भने भाषिक सीप अभिवृद्धि गर्ने उद्देश्य धनात्मक रूपमा राखेको हुन्छ ।

खत्री (२०६८) ले कक्षा-१० को पाठ्यक्रम अनुरूपतका आधारमा पाठ्य कविताको विश्लेषण गरेका छन् । उनले ती कविताको संरचनापक्ष र भाषिक पक्षमा विश्लेषणात्मक अध्ययन गरेको देखिन्छ ।

तिवारी (२०६८) ले **सबैको नेपाली**का पाठमा भएका अभ्यासहरूको विश्लेषण गर्ने गरी व्याकरणका बारेमा अध्ययन गरेकाछन् । यो अध्ययन व्याकरणसँग मात्रै केन्द्रित छ । तैपनि यसले अभ्यास खण्डको विश्लेषण गर्ने आधार देखाएको मान्न सकिन्छ ।

पोखेल (२०७२) ले **सबैको नेपाली**मा प्रयुक्त शब्दको वर्ग, लेख्यचिह्न, शब्दनिर्माण , रूपायन, सन्धिका साथै पदविचलनका बारेमा अध्ययन गरेमा छन् । यस क्रममा उक्त अध्ययनले ʻव्याकरणात्मक अभ्यासʼ भने पनि अभ्यास खण्डको व्याकरणमा नभई पाठ्यविधाका पाठमा आधारित रहेको देखिन्छ ।

सुनारी (२०७३) ले कक्षा-११ का पठ्यक्रमले निर्धारण गरेअनुसार ऐच्छिक नेपालीका पाठको समीक्षा गरेकी छिन् । यसबाट कक्षा-११ को पाठ्यक्रम र पाठ्यपुस्तकका पाठ्य शीर्षकका पठमा भएका स्वीकारात्मक र सुधारात्मक पक्ष खुट्याउने आधार प्राप्त भएको छ ।

शर्मा (२०७५) ले शिक्षा शास्त्रको स्नातक तहको साधारण नेपालीमा समाविष्ट कविताको पठ्यक्रम अनुरूपताका दृष्टिले विश्लेषण गर्ने क्रममा कविताको स्वरूप, तत्त्व र भाषा शिक्षणमा त्सको प्रयोजनको विश्लेषण गरेको देखिन्छ । ती कविताको अभ्यस खण्ड भने पाठ्यपुस्तकमा समावेश नगरिएकाले चर्चा गरेको छैन । विशिष्टीकरण तालिकाका आधारमा निर्णयात्मक मूल्याङ्कनका लागि तयार पारिएका प्रश्नयोजनाको विश्लेषण गरेको पाइन्छ । यो अध्ययन **सबैको नेपाली**भित्रका कविताको विश्लेषण गर्ने मार्ग पहिल्याउन सहयोगी बनेको छ ।

अध्ययनको लामो परम्परामा विभिन्न तरिका अँगालेर कविताको विश्लेषण गरी भाषिक सीप अभिवृद्धि गर्न पाठ्यपुस्तकमा त्यसलाई राख्नु र त्यसलाई अध्यापन गर्नुपर्ने औचित्य स्पष्ट पारेको देखिन्छ । यिनै सैद्धान्तिक आधारमा विभिन्न कोणबाट

अनुसन्धान गरेको पूर्वाध्ययनको समीक्षाले देखाएको भेटिन्छ । उपऱ्युक्त समीक्षाहरूले संबन्धित शीर्षकका पाठ्य कविताको विश्लेषण गर्ने आधार सहज भएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

प्रस्तुत शोधपत्र **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कविताको विश्लेषणमा आधारित भएकाले कविताको परिभाषा, त्यसको रूप, कविता हुनका लागि आवश्यक पर्ने तत्त्व आदि प्रस्ट पार्नु आवश्यक हुन्छ ।

### २.२.१ कविताको चिनारी

कविता शब्द, संस्कृत भाषाबाट नेपाली भाषामा जस्ताको जस्तै प्रयोगमा आएको तत्सम शब्द हो । कुनै कुरालाई कुशलतापूर्वक वर्णन गर्न सक्ने व्यक्तिलाई कवि भन्ने चलन संस्कृतमा रहेको र त्यसैलाई नेपाली भाषाले पनि मान्दै आएको देखिन्छ । त्यस्ता व्यक्तिले सिर्जना गरेका कृतिलाई कविता भन्ने परम्परा आएको पाइन्छ । कविमा ता प्रत्यय जोडेर कविता शब्द बनाउनु सजिलो पनि छ ।

झट्ट हेर्दा कविता चिनिने हुन्छ । अरू साहित्यिक कृतिसँग दाँजेर हेर्ने बित्तिकै यो कविता हो र यो कविताबाहेक अर्थोकै हो भन्ने सजिलै छुट्याउन सकिने भए पनि यसको सुदीर्घ परम्परामा देखिएका विभिन्न स्वरूप र त्यसलाई समय समयमा चिनाउने प्रयत्न गर्दा यसलाई परिभाषामा ढाल्न चाहिँ अलिक असजिलो लाग्छ ।

यहाँ संस्कृत, अङ्ग्रेजी र नेपाली भाषाका कवि र समीक्षकले गरेका कवितासम्बन्धी परिभाषालाई पहिले टिपोट गरी त्यसलाई नियालेर आफ्नो परिभाषा बनाउने प्रयत्न गर्नु युक्तिसङ्गत ठानिएको छ ।

अभिष्ट भावलाई सङ्क्षेपमा व्यक्त गर्ने पदावली काव्य हो भन्ने परिभाषा अग्निपुराणले गरेको छ । संस्कृत साहित्य-शस्त्रका आद्यघोष मानिएका भामह शब्द र

अर्थको संयुक्त रूप काव्य हो भन्छन् । दण्डीले अभिष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो भनेका छन् । विश्वनाथ चाहिँ रसवादी समीक्षक भएकाले रसात्मक वाक्य काव्य हो भन्छन् । जगन्नाथ रमणीयार्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो भन्छन् ( ज्ञवाली, २०६४पृ.२) ।

पाश्चात्य साहित्य समीक्षकले पनि साहित्यका सम्बन्धमै चर्चा गरेका छन् । त्यसमा कतिले सिङ्गो साहित्य समेटेका छन् भने कतिले कवितालाई नै तोकेर कुरा उठाएका छन् ।

अरस्तुले कविता भाषाका माध्यमले अभिव्यक्त हुने अनुकरणात्मक कला हो भनेका छन् । ड्राइडन चाहिँ कविता व्यक्त सङ्गीत हो भन्न पुग्छन् । मैथ्यु आर्नोल्ड भने कविता जीवनको समालोचना हो भन्छन् । जोन्सनले कविता कल्पनाका सहायताबाट आनन्दलाई सत्यसँग समन्वित गर्ने कला मानेका छन् । हड्सन कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो भन्न पुग्छन् । काव्य शान्तिका क्षणमा संस्मरण गरिने प्रबल मनोवेगको स्वच्छन्द प्रवाह हो भनी वर्डस्वर्थ परिभाषा गर्छन् (निरौला, २०६७ पृ.३) ।

माथि उल्लेख गरिएका समीक्षक सिङ्गो साहित्यलाई कलाका रूपमा विवेचना गर्ने, जीवनसँग साहित्यलाई जोड्ने, कल्पनालाई आधार मान्ने र कवितालाई संगीतसँग तादाम्य राख्ने प्रयत्न गरिरहेछन् भन्ने लाग्छ ।

नेपाली साहित्य समीक्षकहरू भने कवितालाई एउटा साहित्यिक विधाका रूपमा हेरेर विवेचना गर्छन् । केही परिभाषालाई यहाँ टिप्नु उपयुक्त छ :

बालचन्द्र शर्मा मनलाई प्रभावित पार्ने रमणीय पद्यमय वा गद्यमय वर्णन नै कविता हो भन्छन् । भावनाको बौद्धिक कोमलतालाई बालकृष्ण समले कविता मानेका छन् । माधव घिमिरेले शब्द र सङ्गीत अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो भनी परिभाषा गरेका छन् ।

मोहनराज शर्मा पद्य लयमा कथ्यको अभिव्यक्ति गर्ने भाषिक संरचनालाई कविता भनिन्छ भन्न पुग्छन् (ऐ. ऐ. पृ.८) ।

माथिका सबै खाले परिभाषालाई हेर्दा कविता कला हो । यो कला उपयोगी कला नभएर ललित वा आह्लादकारक हुन्छ । त्यो कला भाषाका माध्यमले अभिव्यक्त हुन्छ । ललित प्रयोजनका लागि भाषाका माध्यमले अभिव्यक्त भएको कला साहित्य हुन्छ । यही प्रयोजनले वाङ्मयका अन्य क्षेत्रबाट साहित्यलाई छुट्याउँछ । साहित्यभित्रको एउटा हाँगो कविता हो । ती सिङ्गै विधाबाट कवितालाई छुट्याउने लक्ष्मणरेखा सङ्गीतात्मकता वा गेयात्मकता हो । यसमा भावको उच्छलन रहने हुँदा भावना र कल्पना पनि अपेक्षित रहन्छ । यसभित्र बुद्धितत्त्वलाई पनि समेट्नु आवश्यक छ, किनभने बुद्धितत्त्वले नै जीवनको व्याख्या गर्न सक्छ । जीवनले महसुस गरेका कुरालाई व्यक्त गर्ने विधा कविता हुनाले अनुभूति अपेक्षित छ । त्यसै हुनाले **ललित प्रयोजनका लागिभाषाका माध्यमले अभिव्यक्त भएको जीवनजगत्को रागात्मक भावात्मक अनुभूति नै कविता हो** भन्यो भने कविताको परिभाषा उपयुक्त हुन्छ भन्न सकिन्छ ।

### २.२.२ कविताका रूपहरू

कविताको चिनारी गरेपछि त्यसका रूपलाई पनि देखाउनु उपयुक्त हुन्छ । कविताको रूप भनेको यसको आयातन र त्यसले ओगट्ने वस्तु वा विचारको कुरा हो । यस सन्दर्भमा कविताका रूप मूलतः चार किसिमका हुन्छन्- लघुतम, लघु, मझौला र बृहत् ( त्रिपाठी, २०३१ पृ.१३) । यिनलाई छोटो रूपमा चिनारी दिनु सान्दर्भिक लाग्छ ।

कविताको लघुतम रूप **जापानी हाइकु, मुक्तक, सायरी** जस्ता रूप यसभित्र पर्छन् । माध्यमिक कालीन नेपाली कविताका समस्यापूर्तिलाई पनि यसैभित्र राख्न

सकिन्छ । यी ज्यादै छोटा भए पनि भाव वा अनुभूतिका दृष्टिले पूर्ण वा सिङ्गा हुन्छन् । यसलाई भावनाको एउटा पूर्ण भुल्को हो भन्न सकिन्छ ।

आकारका दृष्टिले लघुतमभन्दा केही लामो र मझौला आकार ओगट्न नसक्ने रूप लघु रूप हो । यसलाई चलनचल्तीका भाषामा **फुट्कर कविता** भन्ने गरिन्छ । **कविता** भन्नेबित्तिकै सामान्यतः यसैलाई चिन्न थालिएको छ । शास्त्रीय नियम नै नभए पनि पद्य भए तीनचार श्लोक वा अनुच्छेदसम्मको आकारका कविता फुट्कर हुन् भन्न मिल्छ । यसमा हरफको संख्या अलिक लामै पनि हुन सक्ने संभावना चाहिँ रहन्छ । यसमा भावको सिङ्गो बसाइ रहन्छ । यसमा कविले आफ्नो एकपटकको भावलाई पूर्णता दिएको हुन्छ । यो अनुभूतिका दृष्टिले समेत लघुतमभन्दा विस्तारित हुन्छ । जीवनजगत्का अनेकौं पाटाहरूमध्ये एउटा पाटालाई प्रस्तुत गर्नसक्ने क्षमता यसभित्र रहन सक्छ । यस रूपमा भावना मात्रै रहन सक्छ तर आख्यानको पुट रहने सम्भावनालाई पनि नकार्न चाहिँ सकिन्न ।

कविताको मझौला (मध्यम) रूप लघु रूपभन्दा आकारमा ठूलो हुन्छ । यसलाई **खण्डकाव्य** भन्ने चलन छ । मोहन कोइरालाका केही लामा कविता फुट्कर भन्दा केही माथि उठेका हुनाले यस्तै मझौला स्तरका मानिन्छन् । गीति काव्य, शोक काव्य पनि यही रूपका हुन्छन् । यस्ता रूपमा आख्यानको आवश्यकता रहन्छ । भावलाई छिरलिन नदिन आख्यान चाहिने गर्छ । आख्यानको प्रबलता वा भावको प्रबलता जे पनि हुन सक्छ भने कतिपयमा भावनाको आख्यानीकरण गरिएको पाइन्छ र कतिपयमा आख्याान स्थूल रूपमा रही त्यसको वरिपरि भावना झाँगिएको (ए.ऐ.पृ.१७) हुन्छ । यिनले जीवनजगत्को एउटा पाटो छर्लङ्ग्याएको हुन्छ ।

कविताको चौथो रूप वृहत् हो । यस्ता रूपलाई **महाकाव्य** भन्ने चलन छ । यसले जीवनको सिङ्गो रूपलाई उद्घाटन गरेको हुन्छ । यो आकारका दृष्टिले

पूर्णाङ्की नाटक र उपन्यास झैँ ठूलो हुन्छ । विषय र कथानक, पात्र, परिवेश, अवान्तर कथा आदि नाटक र उपन्यासले समेट्ने जस्तै गरी रहेका हुन्छन् । प्रस्तुतीकरण र शैलीका ढाँचाले तथा कवित्वका चापले मात्रै उपन्यास र नाटकभन्दा यो भिन्न रहन्छ । जीवनको समग्रता समेट्नु यसको पहिचानात्मकता हो ।

नेपाली भाषाले त्यो रूप नदेखाएको वा नपाएको भए पनि कविताका वृहत्तर रूपको प्रयोग भएको पाइन्छ । यस्ता रूपलाई पनि **महाकाव्य** नै भनिन्छ । यस खालका महाकाव्यले सिङ्गो युग समेटेका हुन्छन् । संस्कृतका **रामायण** र **महाभारत**लाई यसभित्र राखिन्छ ।

सारांशमा भन्नुपर्दा कविता यात्राको एक टेकन लघुतम रूप, एक बास लघु रूप, एउटा सन्दर्भको यात्रा मझौला रूप र सिङ्गो जीवनको भोगाइ सम्बन्धी यात्रा वृहत् रूप हो (ऐ.ऐ.पृ.१९) ।

प्रस्तुत अध्ययनका सन्दर्भमा भने कविताको लघुरूपकै विवेचना गरिन्छ, किनभने यहाँका पाठ्यसामग्री फुट्कर कविता नै छन् ।

### २.२.३ कविताका तत्त्वहरू

साहित्यका जुनसुकै विधाको रचना गर्दा पनि तिनका अङ्गहरू ठीकठीक मिलाउनु आवश्यक हुन्छ । कविताको निर्माणका लागि पनि आवश्यक तत्त्व रहेका हुन्छन् । ती तत्त्वहरू आन्तरिक र बाह्य गरी दुई किसिमका रहन्छन् । कल्पना, भाव र विचार आन्तरिक तत्त्वमा पर्दछन् भने रीति, गुण, अलङ्कार, छन्द वा लय आदि बाहिरी तत्त्वमा पर्छन् । यिनलाई प्रमुख र गौण तत्त्व पनि भन्न सकिएला तर आन्तरिक र बाह्य भन्नु नै बढी उपयोगी हुन्छ । कविताका तत्त्वहरूलाई छोटो गरी टिपोट गर्नु यहाँ सान्दर्भिक ठानिएको छ ।

**(क) भाव**

भाव कविताको मुख्य तत्त्व हो । यसलाई कविताको आत्मा नै हो भनिदिए पनि हुन्छ । कविले आत्मसात गरेको विषयका आधारमा भावका स्वरूप भिन्न हुन सक्छन् । सांसारिक कार्यकलापलाई हेरेरै स्रष्टाले आफ्ना अनुभव अनुभूतिका माध्यमले व्यक्त गर्छ, त्यही कविताको भाव हुन्छ (शर्मा, २०७५ पृ. २७) । कविता शिक्षण गर्दा पनि भावबोधलाई प्राथमिकता दिनुपर्छ । समाज वा जीवनजगत्मा देखिएका अमिल्दा वा विसङ्गत अवस्थाप्रति आक्रोश वा व्यङ्ग्य गर्दै र राम्रा कुराको प्रशंसा गर्दै सुधारात्मक सङ्केत गर्दै जीवनलाई आदर्श बनाउने सन्देश दिन्छ । त्यही नै कविताको भावपक्ष हो भन्न सकिन्छ । भाव भनेको कविताको कथ्य विषय हो ।

कविताको कथ्य विषय वा भावलाई कविकल्पनाले हिँडाएको हुन्छ । त्यही कल्पनाका सहायताले भावलाई मूर्त, जीवन्त र ग्रहणीय बनाउने काम गर्छ । कल्पनाकै कारणबाट विरोधी, अनुरोधी र सकरात्मक, नकरात्मक सबै प्रकारका भाव पठनीय र ग्रहणीय हुन पुग्छन् । कविताको प्रमुख तत्त्वका रूपमा रहेका भावलाई कल्पनाले सफल बनाउन सके कविता सफल मानिने र असफल पारे कविता नै व्यर्थको प्रलाप मात्रै भई असफल हुने स्थिति उत्पन्न हुन्छ ।

### (ख) भाषाशैली

भावको वाहक भाषा हो र कविको कल्पनालाई मूर्त रूप दिने माध्यम पनि भाषा नै हो । चित्रलाई रङ्गले थेगे झैँ कवितामा भावलाई अड्याउने आधार त्यसमा प्रयुक्त शब्दहरू हुन्छन् । त्यसमा रहेको शैली भनेको चाहिँ त्यसलाई प्रस्तुत गर्ने वा अभिव्यक्त गर्ने तरिका हो । त्यसैले भाषाशैली भनेपछि भाषाका माध्यमबाट भावलाई प्रकाशन गर्ने कौशल वा पद्धति हो भन्ने बुझ्नुपर्छ । कविता लयात्मक तथा सौन्दर्यपरक अभिव्यक्ति भएकाले जति ललितता, श्रुतिमधुरता आदि छन् त्यति नै त्यो कविता सफल हुन्छ । कवितामा प्रयोग हुने भाषा सरल, सरस

र भावअनुसारको वर्णविन्यास पदविन्यास भएको हुनु आवश्यक ठानिन्छ । यसले कविताभित्रको भावलाई प्रभावकारी बनाउँछ । त्यस भाषिक सीपभित्र भावको गहनता, लाक्षणिकता र विम्बात्मकता आवश्यक रहन्छ । कवितामा प्रयोग गरिएका भाषाले नै त्यसको शैली पनि निर्धारण गरिदिन्छ । शैली वास्तवमा कविको पहिचान हो (ऐ.ऐ.पृ.३७) । त्यसकारण कविताका लागि भाषाशैली ज्यादै महत्त्वको मान्नुपर्ने हुन्छ ।

**(ग) छन्द/लय**

साहित्यका अन्य विधाबाट कविताको अस्तित्व पहिचान गराउने तत्त्व नै छन्द वा लय हो । छन्द भनेको उपयुक्तता हो । कुनै कुरा मिल्यो भने छन्द मिलाएर गरेको भनिन्छ भने केही मिलेन भने छन्द न बन्दको भनिन्छ । लय भन्नाले मनको तल्लीनता, एकाग्रता, मिलान अथवा विलय भन्ने बुझ्नुपर्छ । यहाँ छन्द वा लय भनेको गेयात्मकतालाई सङ्केत गर्नु हो । कविता गेयात्मक भाषिक कला हो । यसमा स्वर, व्यञ्जन र मात्राको एकप्रकारको कवाजखेलाइ उपस्थित हुन्छ । तिनको उचित वितरण आवश्यक देखिन्छ । मातृक, वर्णमातृक, वार्णिक स्वतन्त्र वा मुक्त गरी विभिन्न किसिमका लय कवितामा प्रचलित भएका देखिन्छन् । छन्दोबद्ध कवितामा लयको अनुशासन अत्यन्तै तीव्र हुन्छ र छन्दमुक्त (गद्य) कवितामा त्यस किसिमको सुनियोजित व्यवस्था हुँदैन । छन्दयुक्त वा छन्दमुक्त जुनसुकै कवितामा पनि आन्तरिक तथा बाह्य दुबै प्रकारका लयको सिर्जना गरिएको हुन्छ । आन्तरिक लय जति सशक्त हुन्छ त्यति नै त्यस कविताको प्रभावकारिता रहन्छ । कवितालाई कालजयी बनाउन लयको केन्द्रीय भूमिका रहेको (निरौला, ऐ. पृ.३४) हुन्छ ।

### (घ) दृष्टिबिन्दु

कविले आफ्ना विचारलाई पाठकसमक्ष प्रस्तुत गर्ने तरिका वा पद्धतिलाई दृष्टिबिन्दु भन्ने गरेको पाइन्छ । कवितामा दृष्टिबिन्दु प्रथम पुरुष र तृतीय पुरुष गरी दुई किसिमको हुन्छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग हुँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ भने तृतीय पुरुषको प्रयोग गरेको छ भने बाह्य दृष्टिबिन्दु हुन्छ । दृष्टिबिन्दुको प्रयोगका कारणले कविताको प्रस्तुतिमा पार्थक्य आउँछ ।

### (ङ) विम्ब/अलङ्कार

समाज, प्रकृति, पुराण, इतिहास, लोकोक्ति, पुराकथा आदिबाट लिएका सामग्रीलाई विम्ब भनिन्छ । कवितालाई प्रभावकारी भावमा लैजान विम्बको प्रयोग उत्तम तत्त्व बन्दछ । यसै सिलसिलामा प्रतीक पनि सहयोगी भएर आउँछ । मानवीय मनोभावलाई दृश्यवस्तुका माध्यमले भन्नु प्रतीकको प्रयोग गर्नु हो । त्यस्ता प्रयोगहरू कतिपय परम्परित हुन्छन् भने कतिपय कविका व्यक्तिगत पनि हुन सक्छन् ।

अलङ्कार कवितामा चाहिने अनिवार्य तत्त्व हो । अनुप्रास, यमक जस्ता अलङ्कार शब्दसँग सम्बन्धित हुन्छन् भने उपमा, रूपक, उत्प्रेक्षा आदि अर्थसँग सम्बन्धित हुन्छन् । यिनले अर्थमा विविधता र गम्भीरता थपिदिन्छन् ।

### (च) शीर्षक

कविताको नामका रूपमा सिरानमा राखिने अङ्गलाई शीर्षक भनिन्छ । शीर्षक शब्द, शब्दसमूह वा वाक्यका रूपमा राख्ने गरिन्छ । शीर्षकले कवितामा अभिव्यक्त मुख्य विचारलाई सङ्केत गर्ने काम गर्छ । यसै शीर्षकबाट छोटो रूपमा कविताको कथ्य अनुमान गर्न सकिन्छ ।

माथि भनिएका आन्तरिक र बाह्य तत्त्वहरूको सुन्दर संयोजनद्वारा कविताको निर्माण हुने गर्दछ ।

# अध्याय-तीन

## अध्ययन विधि र प्रक्रिया

अनुसन्धानमा विधि र प्रक्रिया दुबैलाई ख्याल गर्नु आवश्यक हुन्छ । यसका साथै स्रोत पनि आवश्यक रहने गर्छ । यस अनुसन्धानमा मूलतः विश्लेषण विधि नै अँगालिएको छ । प्रकाशित पाठ्यपुस्तकमा समाविष्ट कविताको विश्लेषणमा आधारित रहनुपरेकाले पुस्तकाललीय स्रोत महत्त्वपूर्ण रहेको छ ।

### ३.१ अध्ययन विधि

अध्ययन परिणाममुखी बनाउन अध्ययनको विधि स्पष्ट गर्नु महत्त्वपूर्ण कुरा हो । प्रस्तुत अध्ययनमा विश्लेषण विधि अँगालिएको छ । यस कार्यलाई पुस्तकालयीय विधि नै अँगालिएको मान्नुपर्छ । त्यसैका माध्यमबाट विश्लेषण गर्ने आधार तयार भएको स्पष्ट गरिन्छ ।

### ३.२ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययन पाठ्यक्रमका आधारमा पाठ्य कविताको औचित्य पुष्टि गर्ने र कविताको चिनारी दिएर सबै कवितालाई विश्लेषण गर्ने नै काम भएकाले वर्णनात्मक पद्धति आवश्यक रहेको छ । यसको ढाँचा भन्नु सीपपरक अध्ययन गरी गुणात्मकता प्रस्तुत गर्नु नै हो ।

### ३.३ स्रोत

प्रकाशित पाठ्यपुस्तकमा निर्धारित कविताको विश्लेषण गरिएको हुनाले निम्नलिखित स्रोत अँगालिएका छन् :

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययन कक्षा-११ को सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताको विश्लेषण गर्ने, ती कविताका पाठको सम्बन्धित अभ्यास खण्ड र प्रश्नयोजना पनि नियालिने हुनाले सम्बन्धित पाठ्यपुस्तक नै प्राथमिक स्रोत मानिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

सम्बन्धित विषयका बारेमा लेखिएका अनुसन्धान, विश्लेषण गरिएका कृति यसको स्रोतका रूपमा रहेका हुनाले आधार स्रोत पुस्तकालयबाट प्राप्त हुनाले सबै द्वितीयक स्रोतमै पर्छन् । प्रकाशित पुस्तकहरू, अप्रकाशित शोधपत्र, विभिन्न संस्थाले निकालेका मुखपत्र र सन्दर्भ कृति आधार बनेका छन् । तिनमा अध्ययनका प्रतिवेदन, समालोचनात्मक कृति, शब्दकोष अध्ययन गर्ने गरी सामग्री लिइएको छ । यसका साथै विषयक्षेत्रका विज्ञ विद्वान्हरू पनि स्रोतका रूपमा रहेका छन् ।

## ३.४ विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनमा विश्लेषणका आधारहरूलाई किटान गरिएको छ । उच्च माध्यमिक शिक्षा परिषद्ले जारी गरेको पाठ्यक्रमको उद्देश्य, स्थापित कविता सिद्धान्त, शिक्षाशास्त्रीय हिसाबले माध्यमिक तहको भाषाका पुस्तकमा कविताको उपादेयता, त्यसको उद्देश्य पूर्तिका लागि विभिन्न खालका अभ्यास र त्यस प्राप्तिको मापन गर्ने निर्णयात्मक मूल्याङ्कनका लागि राखिएका प्रश्नको ढाँचा समेत विश्लेषणमा आएका छन् ।

# अध्याय-चार

## व्याख्या र विश्लेषण

जुनसुकै विषयको विवरण, वर्णन, व्याख्या, विश्लेषण आदिका लागि त्यसका आधारहरूलाई नियाल्नुपर्छ । प्रस्तुत अध्ययनको विषय कक्षा-११ को पाठ्यपुस्तक **सबैको नेपाली**भित्रका पाठ्यकविताका बारेमा अध्ययन गरिएको हुँदा कविता भनेको के हो ? भाषा पाठ्यपुस्तकमा यसलाई समावेश गरिएको हुँदा भाषा पाठ्यपुस्तकमा समावेश गर्नुको औचित्य के छ ? त्यसबाट शिक्षार्थीको भाषिक सक्षमता कसरी बढ्छ ? निर्माणात्मक मूल्याङ्कनका लागि अभ्यास खण्ड कतिको व्यवस्थित छ ? निर्णयात्मक मूल्याङ्कनको प्रश्नयोजना कस्तो छ ? जस्ता कुराले महत्त्व राख्ने देखिन्छ । प्रस्तुत शोधकार्यको व्याख्या र विश्लेषणको आधार यही बनेको मानिएको छ ।

### ४.१. पाठ्यक्रम अनुरूपता तथा भाषा शिक्षणका दृष्टिले कविताको विश्लेषण

पाठ्यक्रम भनेको राष्ट्रको शैक्षणिक कानुन हो । राज्यले सक्षम र योग्य जनशक्ति तयार गर्न विभिन्न विषयक्षेत्रको ज्ञान दिने उद्देश्यले शिक्षण र सिकाइको मार्गचित्र तयार गरेको हुन्छ । हरेक विषय सिक्ने, सिकाउने माध्यम भाषा भएकाले भाषाशिषण प्राथमिक आवश्यकतामा पर्छ । कसलाई पढाउने ? के पढाउने ? किन पढाउने र कसरी पढाउने ? भन्ने कुराको निधो गरेर नै भाषा पाठ्यक्रम पनि तयार हुन्छ । कविता एउटा महत्त्वपूर्ण विधा भएकाले यसलाई भाषा पाठ्यक्रमले राखेको (देवकोटा,२०६७पृ.३७) हुन्छ । यही पाठ्यक्रम अनुरूपताका आधारमा भाषा शिक्षणका दृष्टिले कविताको व्याख्या र विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

### ४.१.१ भाषा पाठ्यक्रमको परिचय

मानवीय विचारको विनिमय गर्ने माध्यमका रूपमा रहेको भाषा ज्ञान, सीप, व्यवहार आदि नयाँ पुस्तामा लैजाने साधन हो । विकासको क्रमसँगै समाजमाजटिलता बढ्दै जाँदा परिवारको जिम्मेवारी धार्मिक, सामाजिक एवम् शैक्षिक संस्थाहरूलाई धर्मगुरुहरूले नीति नियमहरू तर्जुमा गरी पढाउने क्रम सुरु भएपछि पाठ्यक्रमको थालनी भयो । अनुभवलाई क्रमबद्ध सिकाइ ठानेर सोहीअनुसार शिक्षार्थीमा परिवर्तन ल्याउने वा नल्याउने कुराको हेक्का पनि राख्न थालियो । विस्तार-विस्तार पाठ्यक्रमलाई सिकाइको समग्र योजनाका रूपमा लिन थालियो । त्यसै हुनाले कुनै पनि शैक्षिक कार्यक्रमलाई व्यवस्थित र योजनाबद्ध तरिकाले सञ्चालन गर्न र तोकिएका उद्देश्यहरू पूरा गर्न तयार पारिएका योजनालाई पाठ्यक्रम (शिक्षा मन्त्रालय, २०५६:४३) भन्न थालियो । विद्यार्थीका चाख, समाजका आवश्यकता र विद्यार्थी एवं शिक्षकका क्रियाकलापहरू पाठ्यक्रममा समाविष्ट हुन्छन् । पाठ्यक्रमका निश्चित उद्देश्यहरू हुन्छन् र तोकिएका समयममा उद्देश्य पूरा गर्न विद्यालय, शिक्षक र शिक्षार्थीका क्रियाकलापहरू समावेश गरिएका (तिवरी,२०६८पृ.१८) हुन्छन् । प्राप्त उपलब्धिहरूको लेखाजोखा गर्ने प्रक्रियाको निश्चितता पाठ्यक्रममा गरिएको हुन्छ ।

### ४.१.२ भाषा पाठ्यक्रम र पाठ्यपुस्तकबीच सम्बन्ध

पाठ्यक्रमद्वारा निर्दिष्ट शैक्षिक सामग्रीका रूपमा पाठ्यपुस्तकलाई लिने गरिन्छ । अर्थात् पाठ्यक्रममा आधारित भएर तयार पारिने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ । पाठ्यक्रममा साधारण उद्देश्य र विशिष्ट उद्देश्यहरू रहेका हुन्छन् । यसका साथै विषयवस्तुको छनोट, विषयवस्तुको क्षेत्र, त्यसको क्रम तथा शिक्षण व्यवस्थापन आदिको समेत उल्लेख गरेको हुन्छ । भाषाका पाठ्यक्रमले

कक्षामा भाषिक सीपहरू के कति सिकाउने र कसरी सिकाउने वा कुन क्रमले सिकाउने आदि कुराहरूलाई स्पष्ट पारिएको हुन्छ । पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न के कस्ता विषयवस्तु वा विधाहरूलाई आधार बनाएर ती भाषिक सीपको विकास गराउन सकिन्छ भन्ने आधारमा त्यस्ता विषयवस्तुलाई उपयोग गरी विभिन्न विधाका पाठहरू प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रमको लक्ष्यअनुरूप भाषा पाठ्यपुस्तक तयार पारिने हुनाले ती दुईका बीचमा तालमेल भएन भने सम्पूर्ण शैक्षिक योजना नै भताभुङ्ग हुन्छ । फलतः पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उपलब्धि शिक्षार्थीहरूमा उपलब्ध हुन सक्तैनन् । पाठ्यपुस्तक पाठ्यक्रमअनुरूप तयार पारिएको आधिकारिक पाठ्यसामग्री हो । भाषा पाठ्यपुस्तकलाई शिक्षार्थीहरूमा अपेक्षित व्यावहारिक परिवर्तन ल्याउनका लागि एउटा प्रभावकारी साधनका रूपमा लिइन्छ । भाषा सिकाइ साधन र साध्य दुबै हुनाले भाषा पाठ्यपुस्तकको महत्त्व अझ अधिक रहन्छ । शिक्षार्थीको उमेर, स्तर, रुचि, चाहना तथा क्षमताअनुकूल, आकर्षक प्रस्तुति आदिका साथ पेस गर्ने भएकाले कक्षाको कार्यकलापका लागि र विषयवस्तुको सर्वाङ्गीण अध्ययनका लागि पाठ्यपुस्तक नै महत्त्वपूर्ण सामग्री हो । पाठ्यक्रममा सैद्धान्तिक चर्चा मात्रै हुन्छ र त्यसको प्रयोगात्मक सहायक सामग्री भएर पाठ्यपुस्तक आएको देखिन्छ ।

उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा-११ का लागि पाठ्यक्रम निर्धारण गरेको छ । कक्षा-११ का विद्यार्थीहरूका लागि नेपाली भाषासँग सम्बन्धित आधारभूत ज्ञानका निम्ति अनिवार्य नेपाली विषयको व्यवस्था गरेको देखिन्छ । पाठ्यक्रमका साधारण र विशिष्ट उद्देश्य राखिएका हुन्छन् । उक्त पाठ्यक्रमले साधारणमा ५ वटा र विशिष्ट उद्देश्यमा १० वटा बुँदा राखेको (पाठ्यक्रम विकास केन्द्र, २०७४ पृ.५) पाइन्छ । त्यसैलाई आधार मानी **सबैको नेपाली** पाठ्यपुस्तक तयार गरिएको छ ।

### ४.१.३ विधाको क्षेत्र र क्रम

भाषा पाठ्यपुस्तकभित्र भाषा शिक्षणमा भाषिक सीपको सिकाइप्रति जोड दिइने भए पनि विषयवस्तुका अभावमा सीप सिकाइको सम्भावना रहन्न र विषयवस्तुहरू पनि हरेक पाठमा एउटै तरिकाले प्रस्तुत गर्नुभन्दा विभिन्न ढाँचा र शैलीमा प्रस्तुत गर्नु सिकाइका दृष्टिले रुचिपूर्ण र भाषिक अनुभवका दृष्टिले विविधतापूर्ण हुन पुग्छ । प्रस्तुतिका यिनै विविधतालाई **विधा** भन्ने चलन छ । विधा भन्नाले भाषाका विभिन्न हाँगाबिँगा भन्ने बुझ्नु सजिलो पर्छ अर्थात् विधा भनेर विविध ढाँचाका अभिव्यक्ति तथा रचनालाई (अधिकारी र शर्मा, २०५६:१०२)लिन सकिन्छ । विधाको क्षेत्र कुनै विषयसँग सम्बन्धित तथ्य, धारणा, विचार, नियम, सिद्धान्त आदिका ज्ञानको भण्डार हो । मानिसले वर्षौंदेखि अनुभव, अन्वेषण र प्रयोगद्वारा सङ्कलित ज्ञान वा विषयको प्रकृतिका आधारमा विभिन्न क्षेत्रमा विकसित हुँदै जाने र पछि विषयक्षेत्र वा विधामा ओगट्ने कुराको सीमा हो भने क्रम भनेको चाहिँ विषयलाई स्थापित गर्ने पालो हो भन्ने बुझ्नुपर्छ । विधाको क्षेत्र भन्नाले पारिवारिक, सामाजिक, प्राकृतिक, वातावरणीय आदिलाई लिन सकिन्छ । विषयवस्तुको क्रम भन्नाले तिनको सरलताबाट जटिलतातिर, ज्ञातबाट अज्ञाततातिर, मूर्तबाट अमूर्ततातिर आदि क्रम भन्ने बुझिन्छ । विधाको निर्धारण गर्दा सम्पूर्ण क्षेत्रबाट विषयवस्तुको सङ्कलन गर्नु असल पाठ्यक्रमको पहिचान ठहर्छ (खत्री, २०६८पृ.२१) । पाठ्यवस्तु भएर मात्रै पुग्दैन र त्यसलाई रुचिपूर्ण, उपर्युल्लिखित क्रम आदिका आधारमा मिलाएर राख्नु पनि अत्यावश्यक रहन्छ ।

उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको पाठ्यपुस्तक **सबैको नेपाली**मा समावेश गरिएका कविता विधाको क्षेत्र र क्रम निम्नानुसार रहेको कुरा उल्लेख गरिन्छ :

**सबैको नेपाली** पाठ्यपुस्तकमा पाँचवटा कविता समाविष्ट छन् । ती कविताहरू माधव घिमिरेको **नेपालै नरहे,** दिनेश अधिकारीको **हर्क बहादुर,** पारिजातको **मानुषी,** भूपी शेरचनको **मेरो देश** र कृष्णसेन 'इच्छुक' को **कान्छी, भट्टी र देश** रहेका छन् । तिनमा निम्नानुसारको क्षेत्र रहेको छ :

### ४.१.३.१ राष्ट्रियता

माध्यमिक तहको सबैभन्दा उपल्लो तहमा राखिएको **सबैको नेपाली**मा राष्ट्रवादी भावनालाई उजागर गर्ने दुई कविता रहेका छन् । ती कविता हुन् - **नेपालै नरहे** र **मेरो देश** । राष्ट्रवादी भावना भएका कविताले मानिसमा राष्ट्रप्रति बफादार हुने नैतिक चेतनाको विकास हुन्छ । **नेपालै नरहे** कवितामा प्रकृति, हिमाल, तराई, चेतना, पुर्खाको गौरव, पारिश्रमिकता, चाडपर्व, संस्कृति र नेपाली आस्थाप्रति ममता दर्शाउने भाव जागृत हुने अपेक्षा गरिएको छ । **मेरो देश** कवितामा प्रकृतिको अनुपम सौन्दर्यलाई लिएको छ । प्रकृतिको मानवीकरण गरी नेपालका हिमाल, पहाड, वनस्पति, पहरा, छहरा, नदी सबैको मानवीकरण गरी राष्ट्रिय भावना बोध गराउने खालको **मेरो देश** कविता रहेको छ ।

### ४.१.३.२ सामाजिकता

साहित्यले समाजबाटै कच्चा पदार्थका रूपमा विषय लिएर सुन्दर सिर्जना तयार पारेर समाजलाई नै प्रस्तुत गर्दछ । कविता पनि साहित्यको महत्त्वपूर्ण विधा भएकाले तीनवटा कविता सामाजिक छन् । **हर्क बहादुर** नेपालको आर्थिक दुरावस्थाबाट मानिसमा वर्ग-विभाजन भएको, मजदुर र किसानले उचित मूल्य नपाएको, राजनीति समाजसापेक्ष बन्न नसकेको, ती खास नेपालीपन भएका तथा गरिबीले आफ्नो खास पहिचान समेत गुमाइसकेका नेपालीको चित्र त्यसमा उतारिएको छ । **मानुषी** कवितामा समाजका नारीलाई दिइरहेको स्थान, मानसिकता, व्यवहार, प्राकृतिक कुरा, व्यवहार आदिलाई देखाई नारी र पुरुषमा

समानता हुनुपर्ने धारणा ल्याउने सन्देश दिएको छ । **कान्छी, भट्टी र देश** कवितामा नेपालीहरूको गरिबी, नेपाली चेलीहरूको विवसता, नेपाली युवाको विदेश पलायन, जीवन भोगाइको कठिनाइ आदिलाई छर्लङ्ग्याइएको छ ।

**सबैको नेपाली** किताबमा उन्नाईसवटा पाठहरूमध्ये पाँचवटा कविता राखिएका छन् । पाठ्यपुस्तकमा एउटै विधाका पाठहरूले पाठकमा निरासता थप्ने हुनाले कथा, निबन्ध, नाटक, उपन्यासका साथमा कविता पनि राख्नु आवश्यक भएकाले यस विधालाई समावेश गरिएको हो । यस पुस्तकमा रखाइको क्रममा पहिलो, छैटौं, नवौं, एघारौं र अठारौं पाठमा कविता राखिएको छ ।

समग्रमा हेर्दा रखाइको क्रम ठिकै रूपमा रहेको मान्न सकिन्छ । यसमा रहेको विषयवस्तुको विविधता त्यति मिलेको ठान्न सकिन्न । नैतिक चेतना दिने, कर्तव्यबोध गराउने, विविध लयबोध गराउने गरी कविता छनोट भएका छैनन् । हुनत, सामाजिक विषयवस्तुका तीनवटा कविता छन्ः तिनमा तीन किसिमका भाव जागृत गराउने उद्देश्यका साथ तिनको छनोट भएको देखिन्छ । परन्तु स्तरणका हिसाबले कक्षा -११ का साधारण नेपाली विषयका विद्यार्थीका निमित्त बढी बौद्धिक ठहरिन्छन् ।

### ४.१.४ भाषाशिक्षणका दृष्टिले कविताको प्रयोजन

पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरूमध्ये कविता विधा पनि एक हो । यो विधा अन्य विधाभन्दा बूढो पुरानो पनि हो । कविता विधालाई साहित्यको ज्यादै सुन्दर र कोमल विधा मानिन्छ । यो भावमय र लयबद्ध विधा पनि हो । सरल भाषामा लेखिएका कविताको लय तथा भावले बालहृदयलाई आनन्दित गराउने हुँदा यसका माध्यमबाट विद्यार्थीहरूमा शुद्ध उच्चारण गर्ने र लय हालेर पढ्ने बानीको विकास गर्नलाई सहयोग पुग्ने (अधिकारी, २०५६पृ.१०३) कुरा स्वीकार गरिन्छ । विद्यार्थीलाई गति, यति र लय मिलाएर वाचन गर्ने क्षमताको विकास गराउन

सकिने हुँदा बोधक्षमता र कल्पना शक्तिको विकास गराउन पनि कविता विधाले मदत गर्छ । विद्यालय तहका पाठ्यपुस्तकमा राखिएका कविताहरूमा मूलतः लयबद्ध कविताका साथै गद्य कविता पनि राख्नु राम्रो हुन्छ । उक्त किसिमका अभ्यासका माध्यमबाट लयबद्ध पठन, शुद्धोचारण, भावबोध र छन्दबोधका अभ्यासका लागि उपयोगी हुन्छन् । यसकै माध्यमले विद्यार्थीलाई कवितात्मक आस्वादनप्रति प्रवृत्त हुने र अभिरुचि बढ्ने मूल प्रयोजनतिर आकर्षित हुने (अधिकारी, २०५०:१६८) अवस्था आउने हुन्छ । मानवीय मूल्य, मर्म र चिन्तनसँग परिचित हुने अवस्थाको सिर्जना गरी जीवनलाई निरसपनाबाट  मुक्त गरी रसिकतातर्फ उन्मुख गराउन कविताले मद्दत पुऱ्याउँछ । भाषाले कसरी विशिष्टता प्राप्त गर्दा कसरी अभिव्यक्त हुन्छ भन्ने यथार्थ कविता पढ्दा प्रस्ट हुन्छ ।

भाषा शिक्षण गर्ने क्रममा गति, यति, लय मिलाएर सस्वर पाठन गराउन, शुद्ध उच्चारण, वाक्य गठन, हिज्जे र अन्य व्याकरणात्मक अभ्यास गराउन सकिने देखिन्छ । जसका माध्यमबाट शब्दभण्डार, उच्चारण आदिको विकास गराउन कविता विधाले सहयोग पुऱ्याउँछ । नेपाली भाषाका पाठ्यक्रममा भएका उद्देश्य पाठ्यपुस्तकबाट पूरा हुने किसिमका हुनु आवश्यक हुन्छ । उपर्युक्त उद्देश्य पूर्ति गर्ने कुरामा प्रस्तुत पुस्तकमा राखिएका कविता छन्दोबद्ध नभएकाले गति, यति र लयका दृष्टिले शून्य ज्ञान दिने छन् । एउटा **नेपालै नरहे** गीति लयमा रहेकाले गीति लयप्रति परिचित हुने स्थिति देखिन्छ । अन्य कविताहरू गद्य कविता भएकाले गद्य कविता वाचनको शैलीप्रति विद्यार्थी परिचित हुने अवस्था छ । यस पाठ्यपुस्तकले विद्यार्थीलाई शास्त्रीय छन्दका ज्ञानबाट टाढा राख्नु यसमा खट्कने कुरा हुन् भन्ने स्पष्ट छ ।

### ४.१.५ अङ्क विभाजन र समय विभाजन

**सबैको नेपाली** किताबका लागि पूर्णाङ्क १०० राखिएको छ । त्यसका लागि १५३ पाठ्यभार तय गरिएको छ । यसले गर्दा १९ वटा पाठलाई प्रतिपाठ ८ घण्टी पर्न आउँछ । कविताका लागि मात्रै भनी पाठघण्टी छुट्याएको नदेखिए पनि अभ्यास, व्याकरण, बोध र अभिव्यक्ति गरेर हरेक कविताको पाठ पढाउन **नेपालै नरहे** पाठका लागि पाठ्यभार ७, **हर्क बहादुर** पाठका लागिा १०, **मानुषी** पाठका लागि ६, **मेरो देश** पाठका लागि ७, **कान्छी, भट्टी र देश** पाठका लागि ६ पाठघण्टी छुट्याएको देखिन्छ । १०० पूर्णाङ्कका लागि १९ पाठ रहेका र सामान्यतः व्याकरणका निम्ति ५० अङ्क, चिठी निबन्ध लेख, बुँदा टिपोट, बोधप्रश्नको उत्तर आदिका लागि ३० अङ्क र कथा, निबन्ध, उपन्यास, नाटक र कविताहरूका लागि २० अङ्कभार छुट्याउने परिपाटी रहेका सन्दर्भमा ४ वा ५ अङ्क कविताले पाउने स्थिति (पोखेल, २०७२ पृ.२७) देखिन्छ ।

## ४.२ 'सबैको नेपाली' पाठ्यपुस्तकमा सङ्कलित कविताहरूको विश्लेषण

कविताको चर्चा गर्दा हरेक कविताको शीर्षक विधान, भावविधान, अलङ्कार विधान, शब्दभण्डार, लयढाँचा, दृष्टिबिन्दुका आधारमा गर्नु उपयुक्त हुन्छ । **सबैको नेपाली** पाठ्यपुस्तकका पाँचैवटा कविताको सङ्क्षेपमा यहाँ चर्चा गर्नु सान्दर्भिक ठानिएको छ ।

### ४.२.१ **नेपालै नरहे** कविता

**नेपालै नरहे** राष्ट्रकवि माधव घिमिरेले लेखेको कविता हो । यसको विश्लेषण निम्नानुसार गर्न सकिन्छ :

## ४.२.२ शीर्षक

**नेपालै नरहे** शीर्षक दुई शब्दबाट बनेको छ । नेपाल नेपालीको देश हो । नेपाल नरहे नेपालीको आफ्नोपन रहन्न । नेपाल छ र नै नेपालीले आफ्नो कला, संस्कृति, भूगोल, रीतिरिवाज, चाडपर्व, पुरुषार्थ आदिमा गौरव गर्न पाएका छन् । यदि नेपाल नेपालका रूपमा रहेन भने नेपालीका नाताले सम्पूर्ण कुरा गुमाउने सङ्केत यस शीर्षकले समेटेको छ । सुरुको पहिलो, दोस्रोको चौथो, तेस्रोको चौथो र चौथोको चौथो पाउमा **नेपाली हामी रहौंला कहाँ नेपालै नरहे** भन्ने हरफ राखेर लेखिएका यस कविताको शीर्षक विषय र अभिव्यक्तिका दृष्टिले उपयुक्त देखिन्छ ।

## ४.२.१.२ संरचना

**नेपालै नरहे** एक हरफमा १६ अक्षर भएको गीति कविता हो । पहिलोमा दुई पाउ र दोस्रो, तेस्रो र चौथो श्लोकमा ४-४ पाउ रहेका छन् । कतिपय पंक्तिमा १८ अक्षर रहे पनि उच्चारणमा १६ अक्षर मात्रै देखिन आउँछन् । यस विश्लेषणले शिक्षार्थीमा गीति लयलाई अभ्यास गराउन सकिन्छ ।

## ४.२.१.३ भावविधान

प्रस्तुत कविताको विषयवस्तु राष्ट्रवादी भावना जगाउने खालको छ । नेपाल रहेन भने हामी नेपाली भएर रहन सक्तैनौँ भन्ने राष्ट्रिय भाव यसमा झल्कन्छ । नेपाल रहनुका नाताले सर्वोच्च हिमाल, सुनको टुक्रो जस्तो तराई, हिराको टुक्रो जस्तो हिमाल, यहिँ कमाइ खाने धर्ती, हाम्रो संसार च्याउने सन्झ्याल (कलाकृति), दशैं र तिहार जस्ता पर्व, चुड्का र ख्याली जस्तो लोक संस्कृति, गीत र नृत्य, नेपालका पहाडी भेगको रमणीयता, नेपाली पुर्खाको गौरव, पूर्वीय आर्य संस्कृतिले परिपोसित चेतना प्राप्त छन् । यदि नेपाल नै रहेन भने ती सबै नेपालीपन गुम्नेछन् भन्ने भाव यस कवितामा व्यक्त भएको छ । यो विश्लेषण बोधक्षमता बढाउन सहयोगी हुन्छ ।

### ४.२.१.४ लयविधान

**नेपालै नरहे** कविता गीति लयमा छ र ५-५-६ को यतिमा रहेको देखिन्छ । दोस्रो श्लोकको तेस्रो, तेस्रो श्लोकको तेस्रो, चौथोको दोस्रो पाउ १७ अक्षरका रहेका र तेस्रोको पहिलो पाउ १८ अक्षरका भए पनि उच्चारणमा हलन्त र द्विस्वर गरी लय मिलाउनुपर्ने हुन्छ । नरहे-नरहे, हिराका-छोराको, ख्यालीले-झ्यालीले, भेटिन्न-मेटिन्न जस्ता शब्दालङ्कारले गीति लयलाई तुकबन्दीयुक्त बनाएको हुँदा लयविधानका दृष्टिले मिल्दो लाग्छ । यो विश्लेषण शिक्षार्थीमा कविताप्रति आकर्षण बढाउन सहयोगी हुन्छ ।

### ४.२.१.५ शब्द भण्डार

**नेपालै नरहे** कवितमा प्रयोग भएका शब्दको सङ्ख्या जम्मा ८६ रहेको छ । जसमध्ये ४ तत्सम, आगन्तुक ४ र बाँकी तद्भव र झर्रा नेपाली शब्द रहेका छन् । कार्यमूलक वर्गका आधारमा प्रस्तुत कविताको ८६ मध्ये नाम ३८, सर्वनाम १०, विशेषण २, क्रिया ११ र अव्यय २५ देखिन्छन् । यसबाट शिक्षार्थीलाई शब्दको वर्ग पहिल्याउन सक्षम बनाउन मद्दत पुग्छ ।

### ४.२.१.६ दृष्टिबिन्दु

माधव घिमिरेद्वारा रचित **नेपालै नरहे**कविता प्रथमपुरुष शैलीमा लेखिएको देखिन्छ । ' हामी ' भनेर जताजतै भनिएको छ । परन्तु यो कविता आन्तरिक दृष्टिबिन्दु भएको कविता मान्न सकिन्न । हामी नेपाल नरहे नेपाली रहन सक्तैनौं भन्ने भाव झल्काउने काम भएको हुनाले यहाँको नेपाल केन्द्रीय भावका आधारमा भएकाले बाह्य दृष्टिबिन्दु छ भन्न सकिन्छ । भाषिक सीप प्राप्त गर्ने सन्दर्भमा लयबोधले सुनाइ र बोलाइ सीप विकास हुने र अन्य तत्त्वद्वारा भावबोध प्राप्त हुने देखिन्छ ।

### ४.२.२ **हर्क बहादुर** कविता

गीतकार कवि भनेर चिनिने नेपाली साहित्यका स्थापित व्यक्तित्व दिनेश अधिकारीले लेखेको **हर्क बहादुर** कविताको विश्लेषण निम्नअनुसार गरिएको छ :

#### ४.२.२.१ शीर्षक

**हर्क बहादुर** कविताको शीर्षक दुई शब्दको व्यक्तिवाचक नामका रूपमा राखिएको छ । हर्क बहादुर गरिब, स्वावलम्बी, अपठित, पौरखी एउटा नेपाली हो र ऊ सिङ्गो तथा त्यस किसिमका सिङ्गै नेपालीको प्रतिनिधि पात्र हो । कविताको भाव यही हर्क बहादुरमा अश्रृत भई घुमेको छ । त्यसै हुनाले पात्रका आधारमा राखिएको उक्त शीर्षक सार्थक देखिन्छ । यस अध्ययनबाट लेखको नाम राख्न शिक्षार्थीलाई सक्षम बनाउन सकिन्छ ।

#### ४.२.२.२ संरचना

**हर्क बहादुर** गद्य कविता हो । यसका ६ अनुच्छेद छन् । एकदेखि आठ शब्दसम्मका ११३ हरफमा यस कविताको संरचना भएको देखिन्छ । पहिलो अनुच्छेदमा ७, दोस्रोमा ३०, तेस्रोमा २२, चौथोमा ११, पाचौँमा २३ र छैटौंमा २० हरफ रहेका छन् ।

पहिलो अनुच्छेदमा हर्क बहादुरको चिनारीको अवस्था देखाइएको छ भने दोस्रोमा हर्क बहादुरको मनस्थिति वा सोचाइ दर्शाइएको छ । तेस्रोमा हर्क बहादुर बाँचिरहेका अवस्थाको वर्णन गरिएको छ । चौथोमा उसको प्रतीकात्मक चिनारी दिइएको छ । पाचौंमा नेपालको वातावरण र हर्क बहादुरको अवस्थाका नमिल्दा पक्षलाई तुलना गरी वर्णन गरिएको छ । छैटौं वा अन्तिम अनुच्छेदमा हर्क बहादुरको बहादुरी, सहनशीलता आदिलाई आदर्श मानी प्रशंसा गरिएको छ । यस

विश्लेषणबाट पाठमा भएका अनुच्छेदको बोध खण्ड ठम्याउने सीप विकास गराउन सकिन्छ ।

### ४.२.२.३ भावविधान

**हर्क बहादुर** सामाजिक विषयवस्तु अँगालेर लेखिएको कविता हो । निमुखा नेपाली पुरुष जातिको हर्क बहादुरलाई आलम्बन बनाई लेखिएका यस कवितामा गरिबीको झल्को उतारिएको छ । दाउरे, चाउरे, काले भनेर चिनिने हर्क बहादुरले अरूबाट आफ्नो सक्कली नाम सुन्न बाबुको श्राद्ध पर्खनुपर्ने कुरा देखाई नेपालीको सक्कली पहिचान नरहेको सङ्केत गरिएको छ । उसले गर्ने पौरख र उसको दूरदर्शिता हलोकोदालो गर्नु र नाङ्गो शरीरले भारी बोक्नुमा सीमित छ । हर्क बहादुरले झन्डालाई हेरेर गरेका कल्पनाले नेपाली जनजीवन र औपचारिक सभा-समारोहका बीचको बेमेल झल्काएको पाइन्छ । कवितामा हर्क बहादुरलाई समय भोग्न नजान्ने भन्नु नेपालको गरिबीले समयअनुसार व्यक्तिलाई चल्ने अवसर नदिएको भन्ने भाव झल्काइएको छ । भोगाइ, ताडना र महगी अभावपूर्ति मात्रै नेपालीले पाएको यथार्थ यसमा छ । भोक, पीडा, ठेस, शोक, हैरानी आदि हर्क बहादुरका पर्याय बनेका छन् । यो नेपाली जीवनको पर्यायका रूपमा आएको छ । राष्ट्रियता, स्वाधीनता, नागरिकता केवल भाषणमा मात्रै सीमित रहेको छ । यो त स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा भई आउनुपर्नेमा यसको सङ्केत कतै नरहेको, पीडादायी जीवन भोग्नुपर्ने बाध्यता रहेको यथार्थ उजागर गरिएको छ । उपर्युक्त भाषणका कुरा जसले लगे पनि हुने अवस्थामा रहेको पनि यहाँ देखाइएको छ । यो अशिक्षाको उदाहरण हो । हर्क बहादुर एउटा प्रतिनिधि पात्र हो, ऊ नेपालका हरेक स्थानमा भेटिन्छ । हर्क बहादुरलाई सलाम गरेर कविले एकोहोरो आफ्ना काममा लागिरहने, आफ्ना परिवार धान्न गरिबीले मुस्किल पारिरहेका र अर्कालाई दुःख दिई धर्म गर्ने भन्दा पवित्र गरिब, निमुखा असहाय

व्यक्तिलाई मन, वचन र कर्मले सहयोग गर्नुपर्छ भन्ने भाव दर्शाइएको छ यस कवितामा । यसबाट बोधक्षमता विकास गराउन सकिन्छ ।

### ४.२.२.४ लयविधान

**हर्क बहादुर** गद्य कविता हो । त्यसैले यसमा श्लोकबद्धता र गीतिमयता पाइन्न । यसलाई वाचन गर्दा गद्य कविता वाचनको शैली अँगाल्नुपर्ने देखिन्छ । अनुप्रास र तुकबन्दीयुक्त भाषाले लयात्मकता र साङ्गीतिकता निम्त्याएको पाइन्छ । गम्भीर भाव भए पनि सरल भाषाले गर्दा वाचनका क्रममा असजिलो लाग्ने छैन । यो विश्लेषण शिक्षार्थीमा उच्चारण क्षमता बढाउन सहयोगी हुन्छ ।

### ४.२.२.५ शब्दभण्डार

**हर्क बहादुर** कवितामा रहेका ११३ हरफमा जम्मा शब्दको सङ्ख्या ४७७ छ । जसमध्ये तत्सम ७०, आगन्तुक २३, तद्भव र झर्रा शब्द ३८४ रहेका छन् । कार्यमूलक वर्गका आधारमा हेर्दा संज्ञा ९७, सर्वनामा ३२, विशेषण १७, क्रिया ६६ र अव्यय २७४ शब्द प्रयोग भएका छन् । यसमा अव्यय शब्द बढी देखिनुमा नामयोगी, क्रियायोगी, संयोजक र केही विस्मयादिबोधक पनि रहेका छन् । यो विश्लेषण विशेषतः अव्यय शब्द बन्ने तरिका सिकाउन मद्दतगार बन्दछ ।

### ४.२.२.६ दृष्टिबिन्दु

**हर्क बहादुर** तेस्रो पुरुष शैलीमा लेखिएको कविता हो । यसमा बाह्य रूपमा हर्क बहादुरको वर्णन गरिएको छ भने आन्तरिक वा भावमा नेपालीहरूको वर्णन गरेको हुनाले यसमा बाह्य दृष्टिबिन्दु छ भन्नु उपयुक्त हुन्छ ।

शैक्षणिक दृष्टिले गद्य कविताको लयबोध, भावबोध र भाषतत्त्व बोध गराउने आधार तयार हुने देखिन्छ ।

### ४.२.३ **मानुषी** कविता

प्रगतिशील साहित्यकार भनेर चिनिने पारिजातले लेखेको **मानुषी** चर्चित नारी-समस्यामूलक कविता हो (भट्ट, २०७४ पृ. १२) । यस कविताको विश्लेषण निम्नानुसार गरिएको छः

#### ४.२.३.१ **शीर्षक**

पारिजातले लेखेको **मानुषी** कविता एक शब्दको शीर्षकमा छ । यो मानष शब्दको स्त्रीलिङ्गीरूप हो । यसले नारीको मानसिकतालाई सङ्केत गरेको छ । एउटा नारीको पुरुषसरहको सहअस्तित्वको आह्वान गरेको प्रस्तुत कविताको शीर्षक साङ्केतिक रूपमा राखिएको छ । यसमा कथ्य विषय, पात्र, स्थान आदिका आधारमा शीर्षक नभएर छुट्टै तरिकाले शीर्षक चयन गरिएको छ । यसले नारी मनको प्रतिनिधित्व गरेको छ र शीर्षक उपयुक्त देखिन्छ । यस विश्लेषणले शिक्षार्थीमा शीर्षक चयन गर्न सक्षम बनाउन मद्दत पुग्छ ।

#### ४.२.३.२ **संरचना**

**मानुषी** गद्य कविता हो । लामा-छोटा ४७ हरफमा लेखिएको प्रस्तुत कविता थोरैमा तीन र बढीमा नौवटा शब्दले बनेका हरफहरूले संरचित छ । यसमा दुईवटा पूर्णविराम रहेकाले दुई प्रसङ्गग छन् भन्ने बुझ्नुपर्ने हुन्छ । बीचमा आक्रोस व्यक्त गर्ने क्रममा तीनवटा प्रश्नचिन्ह पनि राखिएका छन् । तिनले पूर्णविरामको प्रासङ्गिकता ल्याउन सक्तैनन् । यसबाट विद्यार्थीमा पाठको संरचना खुट्याउने क्षमता विकास गराउन मद्दत पुग्छ ।

#### ४.२.३.३ **भावविधान**

पारिजातले लेखेको **मानुषी** कविताले नारीवादी स्वर घन्काएको छ । एउटी नारीले पुरुषप्रति लक्ष्यित गरी आफू र पुरुष बलको, श्रमको, बुद्धिको समान

हैसियत रहने अवस्था हुँदाहुँदै इतिहासका कालखण्डले नारीलाई पछ्यारेर पुरुषलाई धेरै टाढाको अगाडि पुऱ्याएको छ । वास्तवमा नारी नारी नै हो र पुरुष पुरुषै हो । यी दुई एउटै त अवश्यै होइनन् । केवल एक-अर्काका पूरक हुन् । एकअर्कासँग अन्योन्याश्रृत हुन् । एउटाका अभावमा बाबु र आमा दुबै बन्न सक्तैनन् । परन्तु नारीले प्राप्त गरेका अनुभूतिहरू पुरुषले महसुस गर्न सक्तैन; जुन नारी प्रकृतिले मात्रै प्राप्त गर्न सक्छ । बलात्कारको जघन्य अपराध, कलङ्क लगाउनु, पैसाका लागि बेच्ने जस्ता काम नारीमाथि पुरुषले गर्ने कुकृत्य हुन्, जो नारीले पुरुषलाई गर्दैनन् भनिएको छ ।

आज सत्तारुढ रहेको पुरुष जातिलाई नारीजातिले नै सहअस्तित्वको अँगालोमा बाँधेको र ओडारको छानामुनि स्नेहसाथ आश्रय दिएको हो तर आज दाइजो र लावालस्करसाथ नारीलाई घुम्टोभित्र रुवाउँदै भित्र्याउने चलन छ । यस्तो निर्दयता विमुखता नारीले सहनुपरेको छ भन्ने भाव व्यक्त छ । अन्त्यतिर पुगेपछि नारी र पुरुष विद्रोह गरेर होइन सम्झौता गरेर अगाडि बढ्नुपर्ने आग्रह कवितामा छ । उत्पीडन बुझ्नुपर्छ, त्यसलाई साटासाट गर्नुपर्छ, मानसिकताले एकाकार हुनुपर्छ र सँगै बाँच्नुपर्छ । नारी र पुरुष अलग भएर त बाँच्नै सक्तैनन् । नारीले पुरुषको दह्रो हात समात्न पाउनुपर्छ र पुरुषले पनि हालको आफू पुगेका स्थानमा नारीलाई पुऱ्याउनुपर्छ भनी आग्रह गरिएको छ । यो विश्लेषण विद्यार्थीमा सामाजिक विभेद र त्यसको निराकरण गर्ने उपाय बोध गराउन सहयोगी हुन्छ ।

### ४.२.३.४ लयविधान

**मानुषी** गद्य कविता हो । त्यसैले यसमा श्लोक-बद्धता र गीतिमयता खोज्नु युक्तिसङ्गत हुँदैन । गद्य कविता वाचन गर्नुपर्ने हुन्छ । अनुप्रास अलङ्कारले श्रुतिमधुरता दिँदे शब्दचयनमा रहेको सचेतताले लयात्मकता अँगालेको पाइन्छ ।

यो विश्लेषण शब्दका चयनले लेखनमा प्रभाव पर्ने सचेतता बोध गराउन सहयोगी हुन्छ ।

### ४.२.३.५ शब्दभण्डार

**मानुषी** कवितामा रहेका ४७ हरफमा शब्दको संख्या २४३ रहेको छ । जसमध्ये तत्सम ३६, आगन्तुक ५ र २०२ तद्भव र झर्रा शब्दहरू रहेका छन् । कार्यमूलक वर्गका हिसाबले हेर्दा चाहिँ नाम ४६, सर्वनाम ४७, विशेषण १९, क्रिया ३५ र अव्यय ९६ शब्द रहेका देखिन्छन् । यो विश्लेषण विद्यार्थीमा शब्दभण्डार बढाउन सहयागी हुन्छ ।

### ४.२.३.६ दृष्टिबिन्दु

द्वितीय पुरुष र प्रथम पुरुषका शब्द प्रयोग गरेर लेखिएको प्रस्तुत **मानुषी** कविताको निष्कर्ष क्षण हामीमा पुगेर टुङ्गिएको छ । यसको तात्पर्यार्थ म र तिमीको एकाकार अवस्थामा पुग्नु रहेको हुनाले आन्तरिक दृष्टिबिन्दुमा लेखिएको कविता हो भन्ने सिद्ध हुन्छ ।

यस किसिमका विष्लेषणले चारै भाषिक सीपको अभिवृद्धि गराउने आधार तयार हुने स्थिति आउँछ ।

### ४.२.४ **मेरो देश** कविता

भूपी शेरचनले लेखेको **मेरो देश** राष्ट्रवादी कविता हो । नेपालको प्रकृतिलाई मानवीकरण गरेर देशको वर्णन गरिएको यस कविताको विभिन्न तरिकाले विश्लेषण गर्न सकिन्छ :

### ४.२.४.१ शीर्षक

**मेरो देश** दुई शब्दको सार्वनामिक भेदक विशेषण र नाम रहेको शीर्षक नाम पदावली रहेको मान्न सकिन्छ । प्रस्तुत कवितामा सत्र किसिमका प्राकृतिक कुरालाई मानवीकरण गरेर नेपालको चिनारी दिने काम भएको छ । नेपाल शब्द नराखेको भए पनि सबै कुरा नेपालसँग मिल्ने देखाएको पाइन्छ । त्यसै हुनाले कविताको शीर्षक उपयुक्त रहेको मान्न सकिन्छ । यस विश्लेषणले विद्यार्थीलाई प्रतीकात्मक शीर्षक राख्न सक्षम बनाउन सकिन्छ ।

### ४.२.४.२ संरचना

**मेरो देश** कविता गद्य शैलीमा लेखिएको छ । देशलाई चिनाउने 'जहाँ' शब्द सत्र स्थानमा आएकाले स्वतः यो १७ अनुच्छेदमा लेखिएको छ भन्ने तथ्य प्रमाणित हुन्छ । ती अनुच्छेदमध्ये पहिलो ८, दोस्रो ३, तेस्रो ३, चौथो ३, पाँचौ ३, छैटौं ३, सातौं ३, आठौं ३, नवौं ३, दशौं ५, एघारौं ३, बाह्रौं ३, तेह्रौ ३, चौधौं ३, पन्ध्रौं ३, सोह्रौं ३ र सत्रौं ८ हरफका रहेका छन् । यसरी हेर्दा जम्मा ६४ हरफमा प्रस्तुत कविता विस्तारित भएको छ । यस श्लेषणबाट शिक्षार्थीलाई कक्षामै कविताको संरचना छुट्याउने आधार तयार हुन्छ ।

### ४.२.४.३ भावविधान

**मेरो देश** राष्ट्रिय भावनाले ओतप्रोत भएको कविता हो भन्न सकिन्छ । यसमा प्रकृतिलाई मानवीकरण गरिएको छ । जूनलाई पुरुष र धर्तीलाई प्रेयसी ठानेर हिमकरण (तुसारो) का रूपमा राति प्रणयलीला गर्न आउने कुरा देखाइएको छ । आरु र बखडाका साना दानाहरूलाई कुखुराका चिङ्ना ठानिएको छ । नेपालीहरू आफ्ना क्षमताले भ्याउने र प्रयत्नसाध्य काममा मात्रै लाग्ने गर्छन् भन्ने कुरो देखाउन मृगमरिचिकाका पछि लाग्ने दुःखमा लेकाली तुसारोले भिजेर सीत चुहाउने धुपी र सल्लालाई रोएको देखाइएको छ । नेपालीहरू रातापीरा छन् भन्ने

देखाउन बाह्रै महिना गालामा अरूका फूल फुल्ने बताइएको छ । आरु फुल्नु वसन्त आगमनको पहिलो लक्षण हो । यसको भाव सबै नेपालीका गालामा वासन्ती कान्ति सधैं रहन्छ भन्ने दर्शाउनु हो । मृगका पाठालाई मुटुका धड्कनसँग तुलना गरी नेपाली वन्य जन्तुप्रति आत्मीयता झल्काइएको छ । नेपालका पहाडी झर्नाहरू खोलामा हामफाल्ने सौन्दर्य पनि यहाँ देखाइएको छ । साँझ परिसकेपछि पनि हिमाल टल्केको देखेर कवि यहाँ हिमालले रातमा पनि आँगनमा घाम पालेको ठान्दछन् । देशको भू-बनोटलाई नियालेर पहाडको नदी, छहरा र लेकलाई काख, छाती र निधारमा रहेको देखाइएको छ । पहाडका वेगवान् नदीहरूलाई समुद्रको उर्लँदो छाल उत्पन्न गर्न सक्ने क्षमता भएको ठानिएको छ । भ्याउँकिरी र जूनकिरीलाई बटुवालाई गिज्याउने र अँध्यारो पँधेरोमा ज्योति फिँजाउने कामम लागेको देखाइएको छ । शीतल हावाले कस्तूरीको सुगन्ध बोकेर हिँडिरहन्छ । यस ठाउँमा सधैँ वसन्तको बहार आइरहेको प्रतीत हुन्छ । हिमालले चिसो हावा बहाएर उकालीमा थकित भन्ज्याङका बटुवालाई शीतलता प्रदान गरी माया गर्छ भन्ने देखाइएको छ । हिमालतिर धवलागिरी (धवन=सेता, गिरि=पहाड) र नीलगिरि (निलो+गिरी) जङ्गली पहाड एकअर्काको मुख हेर्छन् भन्ने गम्भीर भाव यसमा प्रस्तुत गरिएको छ । आकाशका ताराहरूलाई प्रत्येक रात मङ्गलदीप बालेको ठानिएको छ । हरेक बिहानीपख सर्वप्रथम देखिने हिमाललाई धर्तीको गोरो छोराका रूपमा पाउने भाव निकै गम्भीर छ । हिमाललाई एउटी बुढी नारीको कल्पना गरेर पहाडको हरियो सारी अलिक तल सुर्केर आफ्नो सेतो ढाड न्यानो घाममा सेकेको कल्पना सुन्दर छ । अन्त्यमा आफू जहाँ भए पनि सपनामा यही देशमा पाइला टेकेको हुने बताइएको छ । वास्तवमा सपनामा देखिने ठाउँ मनमा अत्यन्तै प्रभाव परेको मात्रै हुन्छ । अन्तर हृदयले जुन ठाउँलाई ग्रहण गर्छ त्यही मात्रै सपनाको संसार हुन्छ । यस कविताले माथिका १७ वटा कारणले गर्दा मनको भित्री कुनादेखि नै देश प्यारो छ भन्ने भाव व्यक्त गर्ने प्रयत्न गरेको देखिन्छ । यस

कविताका भावलाई प्रतीकको प्रयोगले निकै गम्भीर बनाएको छ । यस विश्लेषणले विद्यार्थीमा रष्ट्रिय भाव जगाउन र प्रतीकात्मक अर्थ लगाउन सक्षम पार्न सकिने स्थिति आउँछ ।

### ४.२.४.४ लयविधान

भूपी शेरचन गद्य कवितामा साङ्गीतिकता भर्ने कवि मानिन्छन् । छन्दोबद्ध कविता झैं लयको अनुशासन नभए पनि **मेरो देश** लयात्मकता भएको कविता हो । यसलाई गद्य कविताको शैलीमा वाचन गर्नुपर्ने हुन्छ । कतै कतै एउटा अनुच्छेदका अन्तिमको शब्द र अर्का अनुच्छेदको अन्तिम शब्दको अनुप्रास मिलाएको देखिन्छ । पाल्छ-फाल्छ, हुन्छ-हुन्छ, डुल्दछ-भुल्दछ, हम्कन्छ-चम्कन्छ, सजाउँछ-जन्माउँछ (पृ.:१०४) यसका उदाहरण हुन् । त्यस्तै तुक मिलाउन मध्यानुप्रास ठाउँठाउँमा प्रयोग भएको भेटिन्छ । पहराबाट छहराले, झ्याङबाट झ्याउँकिरीले, अँधेरी पँधेरीमा, नीलगिरि र धवलागिरि, हरियाहरिया पहाडका फरिया यसका उदाहरण हुन् । सुललित पदावलीको प्रयोग भएका कारणले कविताको लयमा प्रभावकारिता ल्याएको देखिन्छ । यो कुरा कवितामा शब्द चयनको महत्त्व बोध गराउन सहोगी छ ।

### ४.२.४.५ शब्दभण्डार

**मेरो देश** कविताका ६४ हरफहरूमा जम्मा १७२ शब्द रहेका छन् । तिनमा तत्सम २९, आगन्तुक १८ र तद्भव र झर्रा नेपाली शब्द १२५ छन् । तीमध्ये नाम ७१, सर्वनाम ५, विशेषण २३, क्रिया २० र अव्यय १०७ शब्द छन् । यो विश्लेषण शब्दबोध गराउनका लागि सहयोगी सिद्ध हुन्छ ।

### ४.२.४.६ दृष्टिबिन्दु

**मेरो देश** कवितामा 'मेरो' देश भनेर नेपाललाई सङ्केत गरेको छ । यो कविता तृतीय पुरुषलाई आधार मानी लेखिएको छ । हरेक अनुच्छेदका सुरुमा 'जहाँ' शब्द राखेको र ठाउँको वर्णन भएकाले यसमा बाह्य दृष्टिबिन्दु छ भन्न मिल्छ ।

### ४.२.५ **कान्छी, भट्टी र देश** कविता

राजनीति, साहित्य र पत्रकारितामा संलग्न कृष्ण सेन 'इच्छुक' ले लेखेको **कान्छी, भट्टी र देश** सामाजिक कविता हो । यसमा उनको दशवर्षे जनयुद्धमा लागेका समयको क्रान्तिकारिता (पृ : १७८) व्यक्त भएको छ । यस कवितालाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ ।

### ४.२.५.१ शीर्षक

प्रगतिवादी धाराका कवि कृष्ण सेन 'इच्छुक'को **कान्छी, भट्टी र देश** चार शब्दले बनेको शीर्षकमा लेखिएको कविता हो । यसमा संयुक्त नामपदावली रहेको छ । नेपालको सामाजिक परिवेशमा अभाव र पीडाले आफ्नो कष्टकर जीवन भोगन बाध्य भएका नेपाली  महिला विभिन्न किसिमका व्यवसाय अँगाल्छन् र तिनमा समाजले ठानेको अनैतिक काम गर्नुपर्ने बाध्यात्मक परिस्थिति आइरहेको हुन्छ भन्ने देखाउन यो शीर्षक राखिएको छ । कान्छीले नेपाली महिलावर्ग, भट्टीले व्यवसाय र देशले वर्तमान परिवेशलाई सङ्केत गरेको छ । यस शीर्षकले प्रतीकात्मक अर्थ बोकेको देखिन्छ । विचार गर्दा शीर्षक उपयुक्त रहेको मान्न सकिन्छ । यो विश्लेषण शीर्षक चयन गराउन सहयोगी हुन्छ ।

### ४.२.५.२ संरचना

**कान्छी, भट्टी र देश** गद्य शैलीमा लेखिएको कविता हो । यसमा प्रसङ्गअनुसार चार अनुच्छेद राखिएको छ र हरेक अनुच्छेदका अन्त्यमा पूर्णविराम रहेका छन् । ती अनुच्छेदमध्ये पहिलोमा ८, दोस्रोमा ९, तेस्रोमा ११ र चौथोमा ११ हरफहरू रही जम्मा ३९ हरफमा कविता विस्तारित भएको छ । हरेकअनुच्छेदका अन्त्यमा कान्छी भट्टी थापिरहिछ रहेको देखिन्छ । यसमा दुईदेखि नौ शब्दसम्मका हरफहरू रहेका छन् । यसबाट शिक्षार्थीलाई कविताको संरचना बोध गराउने आधार तयार पार्न सकिन्छ ।

### ४.२.५.३ भावविधान

सामाजिक विसङ्गतिभित्र अस्तित्वको खोजी गर्ने दार्शनिक भाव बोकेको **कान्छी, भट्टी र देश** कवितामा प्रगतिवादी भावनालाई उजागर गरिएको छ । नेपाली हिमाली सौन्दर्यका सेरोफेरोमा माइतीदेश भनी प्रकृतिमा रमाएका नेपाली चेलीहरू मनमा भित्रभित्रै भकभकी उम्लिरहेका छन् । चिया, रक्सी, थाल कचौरासँगै आफ्नो अस्मिता बेच्न र बाँड्न बाध्य रहेका छन् । दोबाटोमा भट्टी थापेर बसेकी नेपाली चेलीलाई बटुवाहरूरूपको नसा पिउन, उसको जीवनको दुर्दशाका विवसताको फाइदा उठाउन आउँदा जाँदा पछि पर्दैनन् । बाध्यताले गर्दा दुब्लो शरीरको छिया परेको मन पोलिरहेका अवस्थाको खिन्नता सुस्केराका रूपमा कहिलेकाहिँ निस्कन्छ । रातदिन क्लेश काट्नुपर्ने भए पनि व्यवसायको अर्को उपाय देखिँदैन । भट्टी थाप्ने कान्छी भात र मासु पकाउँछे, मानौ त्यो पकाइमा आफ्नो लाज र आँसु पकाइरहेकी हुन्छे । ऊ रक्सी बेच्छे र त्यससँगै आफ्नो श्री बिक्री हुन्छ । एउटी नेपाली चेलीको स्वच्छता विदेशका कोठीमा बेचिन्छ त्यस्तै स्वदेशमा अनौपचारिक रूपमा बेचिएको छ । उनीहरू आँसुको भल बगाइरहेछन् । उनीहरूका आँसु कोसीको छाल झैँ रहरहरू गण्डकीका लहरहरूझैँ आफैँमा उठ्ने

र आफैँसँग हराउने गर्छन् । यसमा खोसिएका र बन्धनमा परेका छाल र लहरले छिमेकी मुलुकले देशलाई हेपेका कुरालाई पनि सङ्केत गरेको देखिन्छ । नेपाली समाजका गरिब घरका सुन्दर कन्याहरूलाई ठालुहरूका आँखाले कति डाम्छन् भन्ने देखाइएको पनि छ । यसको उपमा कर्णालीलाई लिएको छ । यस कुराको सङ्केत कोसी, गण्डकी र कर्णालीलाई भारतले खेलेको भूमिकाको झल्को सम्झाउन गरिएको हो भन्न सकिन्छ । आफ्ना पति, मायालु, प्रियजन र दाजुभाइ विदेशीका युद्धमोर्चामा परेड खेल्न बाध्य छन् र पत्नी, प्रेमिका, आमाहरू देशभित्र आफ्नै समाजमा पीडापूर्ण जीवन बाँच्न बाध्य छन् भन्ने भाव यस कविताले देखाउने प्रयत्न गरेको छ । उनीहरू ती विदेशिएका जनलाई आफ्नो समाजमा डाकेर समाजको अमिल्दो पक्ष हटाउन आह्वान गरिरहेको देखाएर अस्तित्ववादी चिन्तनको सङ्केत पनि प्रस्तुत गरेको पाइन्छ । यसका अधारमा शिक्षण गर्दा विद्यार्थीमा बोधक्षमताको विकास गराउन सकिन्छ ।

### ४.२.५.४ लयविधान

**कान्छी, भट्टी र देश** गद्य शैलीमा लेखिएको कविता हो । छन्दोबद्ध कविताको लयात्मक तीव्रता यसमा पाइन्न । गद्य कविताको शैलीमा वाचन गर्न भने मिल्ने खालको छ । अन्त्यानुप्रास मिलाउने सचेतता यसमा रहेको भेटिन्छ । अनुच्छेदका अन्त्यमा थापि रहिछ लाई अन्त्यानुप्रास मिलाउन 'बाँडि रहिछ, काटि रहिछ, झारि रहिछ र डाकि रहिछ' राखिएको छ । 'छोरी ऊ, गोरी ऊ' जस्ता अन्त्यानुप्रास पनि रहनाले श्रुतिमधुरता थप्न सफल देखिन्छ । सरल सुबोध भाषामा सुललित पदावलीले लयात्मकता ल्याउन कविता निकै सफल देखिन्छ । यस्ता विश्लेषणका आधारमा शिक्षण गर्दा शिक्षार्थी लेख्ता शब्दचयनमा सचेत हुन्छन् ।

### ४.२.५.५ शब्दभण्डार

कृष्ण सेन 'इच्छुक' ले लेखको **कान्छी, भट्टी र देश** गद्य कविताका ३९ हरफमा जम्मा २०५ शब्द छन् । तीमध्ये तत्सम २८, आगन्तुक ३१, तथा तद्भव र झर्रा शब्द १४६ देखिन्छन् । तिनमा कार्यमूलक वर्गका आधारमा हेर्दा नाम ८३, सर्वनाम ७, विशेषण २५, क्रिया २४ र अव्यय ८६ शब्दहरू रहेका छन् । यस अध्ययनले शिक्षार्थीमा शब्दको स्रोत र वर्ग पहिचान गर्ने शिक्षण गर्ने आधार तयार हुन्छ ।

### ४.२.५.६ दृष्टिबिन्दु

**कान्छी, भट्टी र देश** कान्छी, उसले थापेको भट्टी तथा कान्छी र भट्टी भएको नेपालका बारेको वर्णन गरिएको हुनाले र तृतीय पुरुष शैलीमा लेखिएको हुनाले प्रस्तुत कवितामा बाह्य दृष्टिबिन्दु रहेको देखिन्छ । यस्ता विश्लेषणले बोध क्षमताको विकास गराउन सहयोग गर्छ ।

**नमुना अभ्यासको अध्ययन**

**सबैको नेपाली** पाठ्यपुस्तकका पाँचैवटा कवितामा नमूना अभ्यास दिएको छ । ती अभ्यासले हरेक कविताको ज्ञान गर्न र मूल्याङ्कन तथा पुनरावलोकन गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

## ४.३ प्रयोजन अनुरूपताका दृष्टिले नमुना अभ्यासको विश्लेषण

जुनसुकै सीपको विकासका लागि अभ्यासको भूमिका निकै महत्त्वपूर्ण रहन्छ । अभ्यासविना सिकारु दक्ष हुन सक्तैनन् । अभ्यास भनेको कुनै बानीहरूलाई पटकपटक गरी दोहोऱ्याउनु भन्ने बुझ्नुपर्छ । कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याइ-तेहेऱ्याइ गरी पूर्ण ज्ञान गर्ने काम नै अभ्यास हो (नेपाली बृहत् शब्दकोष, २०४० पृ. ६९) । हरेक कामलाई निरन्तर दोहोऱ्याइरहने वा अभ्यास गरिरहने गर्दा विविध भाषिक सीप आर्जन गर्न सहयोग पुग्छ । बानीको निर्माणका लागि भाषाशिक्षणमा अभ्यास तथा पुनरावृत्तिलाई विशेष जोड (अधिकारी, २०५०पृ.१३) दिएको हुन्छ ।

कविताले विषयवस्तुलाई गहिराइमा पुऱ्याउनुका साथै मानवीय मूल्य, मर्म र चिन्तनसँग परिचित गराउँछ । साथै यसले जीवनलाई निराशपनबाट मुक्त गरी रसिक बनाउन पनि सहयोग गर्छ । कवितामा प्रयोग भएका विम्ब, प्रतीक, लयात्मकता, आलङ्करिक प्रयोग आदि कुराहरू रहने हुँदा अभ्यासले तिनको आस्वादन लिन सहयोग पुऱ्याउने हुन्छ । कविता वाचनको अभ्यास गराउनाले कविताप्रति विद्यार्थीको रुचि बढ्छ । भावोधका लागि पनि अभ्यास उपयोगी हुन्छ ।

विद्यालय तहमा छन्दोबद्ध कविता बढी उपयोगी हुने भए पनि **सबैकोनेपाली** पाठ्यपुस्तकमा शास्त्रीय छन्दका कविता भने छैनन् । केवल एउटा गीति कविता र चारवटा गद्य कविता रहेकाले लयात्मक हिसाबले गद्य कविताको लयमा अभ्यास गराउने स्थिति रहेको छ । वाचनका अभ्यासले कविताको

साङ्गीतिक पक्षको आस्वादन गराउने, भावबोध गराउने, कविताप्रति अभिरुचि बढाउने र शुद्ध उच्चारण गर्ने (लामिछाने, २०५७ पृ.१३०) सीपको अभिवृद्धि हुन्छ ।

**सबैको नेपाली** किताबामा समावेश गरिएका कवितामा निम्नअनुसारका सीपहरूको निर्वाह हुनु यसको प्रयोजन रहेको देखिन्छ :

### ४.३.१.१ गति, यति र लयबोध

कविता वाचनका क्रममा आनन्दप्राप्ति गराउन साङ्गीतिक लयका आरोह अवरोधह शिक्षण गर्नु आवश्यक छ र अभ्यसमा त्यसको ख्याल गर्नु आवश्यक रहन्छ । शिक्षार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्न यसको अभ्यास गराउनुपर्छ ।

### ४.३.१.२ भावबोध

भाव कविताको विषयवस्तुको बोध हो । कविताको मूल कथ्य भनेकै भाव हो । कविताले भन्न खोजेका कुरालाई विस्तृत रूपमा वर्णन गर्न सक्नुलाई भावबोध भनिन्छ । कवितामा भएका अंशहरू समावेश गरी अभ्यास गराउनु यसमा अवश्य छ । यस्ता प्रश्नले कविताको मूल भाव ठम्याउन मद्दत पुग्छ । त्यसकारण कविताको महत्त्वपूर्ण अङ्ग भावबोध हो भन्न सकिन्छ । यसैभित्र अलङ्कार, विम्ब, प्रतीक आदिको पनि अभ्यास आवश्यक हुन्छ ।

### ४.३.१.३ शब्दार्थ

कविताको भाव स्पष्ट गर्न त्यस कवितामा प्रयोग भएका शब्दको अर्थ बोध गर्नु आवश्यक हुन्छ । कवितामा अभिधात्मक, लक्षणात्मक र व्यञ्जनात्मक तीनै किसिमका अर्थ प्रयोग भएका हुन्छन् । कुनै कुनै द्वयार्थक पनि हुन्छन् । सन्दर्भगत अर्थ र त्यसको महत्त्वका बारमो पनि खुलस्त पार्नु आवश्यक देखिन्छ । त्यसैले शब्दार्थको ठूलो महत्त्व रहन्छ । पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासले विद्यार्थीहरूले के, कति, कहाँ, कसरी सिके भन्ने जानकारी गराउँछ । ती अभ्यासले

शिक्षार्थीको कमजोरी पत्तो लगाई त्यसको निराकरण गर्न पनि मद्दत पुग्छ । त्यसैले पाठ्यपुस्तमा नमुना अभ्यास राख्नु राम्रो ठान्न सकिन्छ ।

### ४.३.२ अभ्यासकारूपमा रहेका प्रश्नहरूको विश्लेषण

बारम्बारका अभ्यासले शिक्षार्थीमा भाषिक सीप अभिवृद्दि हुने कुराका बारेमा माथि नै प्रकाश पारिसकिएको छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिक सीपमा पर्छन् । सुनेअनुसार बोल्ने, बालेअनुसार पढ्ने (बुझ्ने) र बुझेअनुसार लेख्ने हुनाले अनिवार्य नेपालीमा यसको ख्याल गर्नुपर्छ । ती चारै सीप हासिल गराउन अभ्यास खण्डले कस्तो भूमिका खेलेको छ भन्ने तथ्य विश्लेषण गर्नु सान्दर्भिक ठानिएको छ ।

माथि ५.१ मा गरेका व्याख्याका आधारमा हेर्दा **सबैको नेपाली** पाठ्यपुस्तकका नमुना अभ्यासमा समाविष्ट कविता विधाका अभ्यासहरू निम्नानुसार रहेका देखाउन सकिन्छ :

#### ४.३.२.१ **नेपालै नरहे** कविताको नमुना अभ्यास

पाठ : एकमा रहेको **नेपालै नरहे** कविताको अभ्यासमा शब्दार्थसँग सम्बन्धित तीनवटा अभ्यास राखिएका छन् । पहिलोमा ठीक शब्दसँग जोडा मिलाउन दुईतिर शब्दहरू दिएका छन् । एकातिर नौ र अर्कातिर नौ शब्द राखिएका छन् । यसले पर्यायवाची शब्द खोज्ने बानी बसाल्ने अपेक्षा राखेको देखिन्छ । यसरी 'अ' र 'आ' गरेर नराखी दुई लहर मात्रै गरी राख्नु ठीक मानिन्न । फेरि दुबैतिर बराबरी नराखी 'आ' तिर एउटा बढी राख्नु राम्रो हुन्छ । समान संख्यामा राख्ता एउटा मात्रै नमिल्दा बाँकी रहेको स्वतः मिल्ने स्थिति आउन सक्तछ । त्यो सच्याउनुपर्ने हुन्छ ।

दोस्रोमा कथ्य र लेख्य भाषामा भएको शब्दान्तर देखाइएकोछ । कवितामा लय मिलाउन लेखिएका कथ्य रूपमा तीन शब्द देखाइएको छ (पृ:२) । तेस्रो अभ्यासमा 'नै' निपातको लेखनमा आउने पदयोगको अभ्यास गराइएको छ ।

पठनबोध खण्डमा चारवटा अभ्यास दिइएको छ । पहिलो अभ्यासमा चारवटा भावबोध पहिचान गर्ने प्रश्न राखिएका छन् । दोस्रोमा गीतकारले देखाएका महत्त्वपूर्ण कुराको टिपोट गरी कविताको भाव स्पष्ट पार्ने अभ्यास गराइएकोछ । तेस्रो प्रश्नमा कविताको चौथो श्लोक पढेर भावबोधका प्रश्न सोधी तीनवटा उत्तर खोजिएकोछ । चौथो नमुना अभ्यासमा नेपालका केन्द्रीयतामा आठवटा बुँदा दिई कविताको समीक्षा गर्ने अभ्यास गराइएको छ । वास्तवमा कविताको बोधप्रश्न भावबोध भन्ने र  पठनबोध नभन्ने चलन छ, त्यसो गर्नु अझ उपयुक्त हुन्छ ।

### ४.३.२.२ **हर्क बहादुर** कविताको नमुना अभ्यास

पाठ : छ मा रहेको **हर्क बहादुर** कविताको अभ्यासमा शब्दार्थ राखिएको छ । नौ वटा शब्द र तिनको अर्थ दिइएको छ । पठनबोध खण्डमा दुईवटा अभ्यास गराइएको छ । पहिलोमा ६ वटा भावबोध आउने खालका प्रश्नहरू छन् । दोस्रोमा लामो उत्तर आउने ६ वटै प्रश्न सोधिएका छन् । तीमध्ये नं. (च) मा भावबोध सम्बन्धी तीन प्रश्न सोधिएको छ । गद्यको अनुच्छेद पढी बोधप्रश्नको उत्तर दिने अभ्यास गराइएको छ । बुँदा टिपोटका अभ्यास खण्डमा गद्यको बोध र बुँदा टिपोट राख्नु चाहिँ त्यति सान्दर्भिक देखिन्न । निबन्ध पाठका अन्त्यमा यस किसिमका नमुना राख्नु उपयुक्त हुन्छ ।

### ४.३.२.३ **मानुषी** कविताको नमुना अभ्यास

पाठ : नौमा रहेको **मानुषी** कविताको नमुना अभ्यासमा शब्दार्थ खण्डमा दुई भाग रहेका छन् । पहिलो भागमा दुईतिर राखेका शब्दको जोडा मिलाउन

अभ्यास गराइएको छ । 'अ' र 'आ' यसमा पनि राखिएको छैन । दोस्रोमा बोधका लागि कविताको प्रयोग भएका ७ वटा शब्दको अर्थ दिइएको छ । भावबोध खण्डमा सातवटा नमुना अभ्यास दिइएको छ । पहिलोमा७ वटा छोटा भावप्रश्नको उत्तर खोजिएको छ । दोस्रोमा प्रस्तुत कवितामा नारी र पुरुषका बीचको विभेदको सूची बनाउने अभ्यास गराइएको छ । तेस्रोमा **मानुषी** कविताको भाव एउटा अनुच्छेदमा लेखीत्यस गद्यानुच्छेदका अन्त्यमा सोधिएका बोध प्रश्नको उत्तर लेख्ने अभ्यास गराइएको छ । चौथोमा लामो निर्देशन दिई समाजमा भएको लैङ्गिक विभेदका बारेमा कविताको आधार लिई विवेचना गर्ने अभ्यास राखिएको छ । पाँचौमा १४ वटा बुँदा दिएर **मानुषी** कविताले व्यक्त गर्न खोजेको मूल भाव लेख्ने अभ्यास गराउने नमुना दिएको छ । छैटौंमा कवितांश दिएर उत्तर लेख्न लगाइएको छ । सातौंमा महिला र पुरुषका भिन्नता १३/१४ वटा र ५ वटा समानताका कुरा स्पष्ट गरी **मानुषी** कविताको विषयवस्तु लेख्ने अभ्यास दिइएको छ । अघिल्ला दुईपाठका तुलनामा यसमा बढी अभ्यास दिएको र अभ्यासमा विविधता ल्याएको पनि देखिन्छ ।

### ४.३.२.४ **मेरो देश** कविताको नुमना अभ्यास

एघारौं पाठमा रहेको **मेरो देश** कविताका अभ्यासमा शब्दार्थ खण्डभित्र १६ वटा शब्दको अर्थ बोध गराइएको छ । भावबोध खण्डमा चार किसिमका अभ्यास गराइएको छ । पहिलोमा छोटो उत्तर लेख्न लगाइएको छ । जसमा नौवटा छोटो उत्तर आउने प्रश्नहरू राखिएका छन् । दोस्रोमा कविले देश, देशको प्रकृति र त्यसका राम्रा कुरा नौवटा देखाई आफ्नो देशलाई राम्रो मान्नुको कारण लेख्ने अभ्यास गर्ने काम लगाइएको छ । तेस्रोमा कविले प्रकृतिको मानवीकरण गरेका १० वटा बुँदा दिई प्रस्तुत कविताको विवेचना गर्ने अभ्यास गराइएको छ । चौथो वा अन्तिम अभ्यासमा कविताको अन्तिम अनुच्छेद पढ्न लगाई भावबोध सम्बन्धी

तीन प्रश्नको उत्तर दिन लगाइएको छ । यस्ता अभ्यासले कविताको सग्लो विवेचना गर्न मद्दत पुग्ने देखिन्छ ।

### ४.३.२.५ **कान्छी, भट्टी र देश** कविताको नमुना अभ्यास

अठारौँ पाठमा रहेको **कान्छी, भट्टी र देश** कविताका शब्दार्थ खण्डमा दुई किसिमका अभ्यास राखिएका छन् । जसमध्ये पहिलोमा १६ वटा अप्ठ्यारो लाग्ने खालका शब्द टिपी तिनको अर्थ बताइएको छ । दोस्रो अभ्यासमा शब्द र तिनको अर्थ राखिएको छ । उत्तर राखेका खण्डमा एउटा बढी राखिदिएको भए अत्यन्तै उपयुक्त हुने थियो भन्न सकिन्छ । निर्देशन दिई कविता र नेपाली समाजको तादात्म्यमा आफ्नो भावना व्यक्त गर्ने अभ्यास गराइएको छ । तेस्रोमा केही (दुईवटा) उदाहरण दिई कविताबाट टिपोट गर्ने अभ्यास गराइएको छ । चौथोमा कान्छीका केन्द्रीयतामा १३ वटा मूल कुरा राखेर उसको वर्णन गर्ने अभ्यास दिइएको छ । पाचौँमा सिङ्गै कविताको भाव लेख्न लगाइएको छ । छैटौँमा नेपालको वर्णन कविताका आधारमा गराइएको छ । सातौँमा कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिन 'क' र 'ख' गरी दुईटा कवितांश दिइएको छ ।

माथि विवेचना गरिएका अभ्यासमूलक प्रश्नहरू शिक्षक निर्मित वा निर्माणात्मक प्रश्नका नमुना हुन् । यिनले शिक्षार्थीमा चारै किसिमका भाषिक सीप अभिवृद्दि गराउनका लागि मार्गनिर्देश गर्दछन् ।

### ४.३.३ **प्रश्नयोजना**

पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पूर्ति भयो वा भएन भनेर कक्षा वा तहका अन्त्यमा मूल्याङ्कन (परीक्षा) लिइन्छ । त्यसलाई परिणामात्मक (निर्णयात्मक) मूल्याङ्कन भनिन्छ । श्रेणीमापनको प्रमुख आधार लिखित परीक्षा नै रहने परिपाटी छ ।

परिणामात्मक प्रश्न पनि नमुनाका रूपमा (पृ २५६-५८) आएका छन् । तिनलाई कक्षाकोठामा अभ्यासका रूपमा प्रयोग गरे निर्णयात्मक मूल्याङ्कनमा खरो उतार्न सकिन्छ । अपितु, यस प्रश्नयोजना राख्नुको उद्देश्य चाहिँ निर्णयात्मक मूल्याङ्कनकै निमित्त हुन्छ ।

विशिष्टीकरण तालिका (प्रश्न योजना) मा कविताका बारेको विवरण यस किसिमको देखिएको छ :

| **क.सं.** | **परीक्षणीय पाठ्यवस्तु** | **प्रश्नको प्रकृति** | **सोधिने प्रश्न संख्या** | **उत्तर दिनुपर्ने प्रश्न संख्या** | **अङ्क** | **विवरण खोलुवा** |
|---|---|---|---|---|---|---|
| १५ | साहित्यिक रचनाको पठन कविता, कथा र निबन्ध | सन्दर्भपरक | ३ | २ | १० | कविता, कथा र निबन्धको कुनै उद्धरण वा पाठ दिई त्यसका आधारमा सन्दर्भ, विषयवस्तु, तर्क आदिमा आधारित पाँच पाँचवटा प्रश्न सोधी उत्तर लेख्न लगाउने । |
| १६ | साहित्यिक रचनाको पठन | प्रतिक्रिया लेखन | २ | १ | ५ | क)कुनै पाठसँग सम्बन्धित प्रश्न दिई प्रतिक्रिया लेख्न लगाउने |

माथि देखाइएको तालिका उच्च माध्यमिक शिक्षा परिषद्बाट जारी गरिएको विशिष्टीकरण तालिका (प्रश्न योजना) मा प्रकाशित भएको छ । यो नमुना निर्णयात्मक मूल्याङ्कनका लागि भएकाले बोधको क्षमता र अभिव्यक्ति (लिखित)

क्षमता जाँच्न उपयोगी हुन्छ । यसको सुधारात्मक पक्ष केलाउनु पनि आवश्यक छ ।

प्रस्तुत तालिकाअनुसार प्रश्नको नमुना पनि दिइएको छ । जसअनुसार प्रश्न नं. १५ मा भनिएको छ :

**१५. कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २×५=१०**

(क) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनुहोस् :

(ख) तलको कथांस पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

तिनमा कविताको अंशमा ५, कथांशमा ५ र निबन्धांशमा ५ अङ्कभारका बोधप्रश्न सोधिएका छन् ।

परीक्षार्थीले कविताको अंशबाट ५ अङ्कको उत्तर लेख्न सक्ने स्थिति देखिन्छ । उसले कथा र निबन्ध मात्रै पढे पनि हुने अवस्थाको सिर्जना यस प्रश्नयोजनाले गरेको समेत देखिन्छ । यसमा कविताको अंशबाट उत्तर नलेख्दा पनि पूर्णाङ्क हल गर्न सक्ने स्थिति आउँछ ।

# अध्याय-पाँच

## ५. सारांश, निष्कर्ष र उपयोगिता

शोधका अन्त्यमा सारांश, निष्कर्ष र उपयोगका बारेमा खुलासा गर्नु उपयुक्त हुन्छ । यसको सारांश खण्डमा अध्ययनका सामग्रीलाई कसरी व्यवस्थापन गरिएको छ भनी देखाउनु हो भने देखाइएका समस्यालाई निराकरण गरी निचोडका रूपमा देखाउने काम निष्कर्षमा देखाउने गरिन्छ । अन्त्यमा निकालिएका निष्कर्षलाई उपयोगमा के कसरी ल्याउन सकिन्छ भनी उपयोगिता खण्डमा स्पष्ट गरिन्छ (सुनारी, २०७३:५६) ।

### ५.१ सारांश

कक्षा-११ को **सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको विश्लेषण** शीर्षकमा प्रस्तुत शोधपत्र केन्द्रित छ । यो लामा-छोटा पाँच अध्यायमा सङ्गठित छ । पहिलो अध्यायमा शोध परिचय मुख्य शीर्षक र अध्ययनको पृष्ठभूमि, समस्या कथन, शोधको उद्देश्य, औचित्य र महत्त्व, शोधको सीमाङ्कन तथा शोधपत्रको रूपरेखा उपशीर्षक रहेका छन् । त्यस्तै अध्याय दुईमा मूल शीर्षक सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा छ भने उपशीर्षकमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा राखिएको छ । अध्याय तीनको मूल शीर्षक अध्ययन विधि र प्रक्रिया रहेको छ । यसभित्र अध्ययनको क्षेत्र र ढाँचा, सामाग्री सङ्कलन तथा विश्लेषण प्रक्रिया उपशीर्षक रहेका छन् । चौथो अध्यायको शीर्षक व्याख्या तथा विश्लेषण रहेको छ ।

यसभित्र पाठ्यक्रम अनुरूपता तथा भाषाशिक्षणका दृष्टिले कविताको विश्लेषण, उपशीर्षक राखिएको छ । यसभित्र भाषा पाठ्यक्रमको परिचय, भाषापाठ्यक्रम र पाठ्यपुस्तकबीच सम्बन्ध, विधाको क्षेत्र र क्रम, भाषा-शिक्षणका दृष्टिले कविताको प्रयोजन, अङ्कविभाजन र समयविभाजनमा सहायक शीर्षक परेका छन् । अर्को सहायक शीर्षकमा **सबैको नेपाली** पाठ्यपुस्तकमा सङ्कलित

कविताहरूको विश्लेषण उपशीर्षक रहेको छ । यसभित्र **नेपालै नरहे, हर्क बहादुर, मानुषी, मेरो देश** तथा **कान्छी, भट्टी र देश** कविताको शीर्षक, संरचना, भावविधान, शब्दभण्डार र दृष्टिबिन्दुका आधारमा विश्लेषण गरिएको छ । त्यसपछि नमुना अभ्यास र अभ्यासका रूपमा रहेका नमुना अभ्यास उपशीर्षक राखी विश्लेषण गरिएको छ । अध्याय पाँचको शीर्षकका रूपमा सारांश निष्कर्ष र उपयोगिता राखिएको छ ।

## ५.३ निष्कर्ष

प्रस्तुत **सबैको नेपाली** पाठ्यपुस्तक अनिवार्य नेपाली विषयको हुँदा ऐच्छिक नेपालीमा भैँ संज्ञानात्मक आदि ज्ञानका लागि वा विशिष्ट ज्ञानका लागि नभएर आफूले ज्ञान गरेको विविध मूल विषयका ज्ञानलाई स्तरीय नेपाली भाषामा व्यक्त गर्न विद्यार्थीलाई सक्षम बनाउने उद्देश्य राखेको हुन सक्छ । त्यसैले उपयुक्त भाषिक सीप आर्जन गर्नलाई पाँचवटा कविता राख्नु उपयुक्त देखिन्छ ।

सङ्ख्याका दृष्टिले १९ वटा पाठमध्ये ५ वटा चाहिँ कविताका पर्नु अनुपयुक्त छैन । कथा ५, निबन्ध ५, नाट्यकृति २ र उपन्यास १ रहेका अवस्थामा र २० पूर्णाङ्कभार रहेकामा कविताको सङ्ख्या वितरण बेठीक छैन भन्न सकिन्न । यसमा वितरण भएको समय पनि त्यति अनुपयुक्त छैन ।

**सबैको नेपाली** अनिवार्य विषय भएकाले लेखकको चिनारी जति देखाइएको छ, त्यो उपयुक्त नै छ । यसका साथै कविताका सुरुमा विषय प्रवेश गराउन दिएका दिग्दर्शन अध्यापक र अध्येता दुबैका लागि मार्गदर्शक बन्ने देखिन्छन् । सम्पादकले सबै कुरा बताउनुभन्दा सुरुमा यसरी दिग्दर्शनगर्नु र अभ्यासमा सजिला र छोटा प्रश्न सोधेर विविध पक्षको बोधका लागि प्रवृत्त गराउनु उपयुक्त हुन्छ । त्यो काम यस पुस्तकमा राम्ररी निर्वाह भएको छ ।

छैटौं पाठमा रहेको **हर्क बहादुर** कविताका अभ्यासमा लामो उत्तर आउने प्रश्न योजना गरिएको छ तर अरूमा त्यस्ता प्रश्न छैनन् । प्रश्नको प्रकृति भिन्नै

बनाएर कतिपय बुँदा दिएर सम्बन्धित पाठका आधारमा विद्यार्थीको लेखन क्षमता अभिवृद्धि गराउन खोज्नु यस पुस्तकको सबैभन्दा सराहनीय पक्ष हो ।

प्रस्तुत पुस्तकका पाठमा रहेका कविताका विषयवस्तुमा विविधताको कमी देखिन्छ । राष्ट्रिय भाव, प्रकृतिप्रेम र सामाजिक तीनवटा विषयवस्तु यसमा छन् । पाँचवटा विषय समेट्न सकेको भए अझ राम्रो हुने थियो ।

लयात्मकताका हिसाबले हेर्दा गीति लय र गद्य लय दुईवटा मात्रै रहेको देखिन्छ । कविताको छन्दोबद्धताबाट साधारण नेपाली पाठकलाई विमुख गराउनेस्थिति यसले ल्याएको छ । यसमा चाहिँ परिमार्जन नै गर्नुपर्ने स्थिति रहेको छ ।

पाठ्यभार (कक्षा घन्टी) उन्नाईसै पाठको दिएको देखिन्छ । यति हुँदा हुँदै पनि कविता र त्यसको अभ्यासका लागि कति पाठ्यभार रहने हो, त्यो छुट्याइएको छैन । यसमा असजिलो कुरा केले बनाएको छ भने विभिन्न किसिमका बोध खण्ड र व्याकरण समेतलाई मिलाएर पाठ्यभार तोकिएको छ । हरेक पाठमा कविता '...+ बोध...+ व्याकरण=...' गरेको भए अझ राम्रो हुने देखिन्छ । यिनमा केही सिर्जना पक्ष पनि राख्नु उपयुक्त हुन्छ ।

कविता विधाको अङ्क स्पष्ट किटान छैन । कविता, कथा र निबन्धका लागि जम्मा १० अङ्क छुट्याइएको छ । प्रश्न नं. १५ मा तीनमध्ये दुईवटा गर्नुपर्ने देखिन्छ, तर कविताको उत्तर नदिए पनि पुग्छ । नं. १६ मा निर्देशिका स्पष्ट छैन । यसमापनि कविता अनिवार्य रूपमा उत्तरापेक्षी हुन सक्ने स्थिति देखिँदैन । यसका लागि कविताको पनि उत्तर लेख्नुपर्ने प्रश्नयोजनाको विशिष्टीकरण तालिका निर्माण गर्नुपर्ने देखिन्छ ।

## ५.३. उपयोगिता

प्रस्तुत शीर्षकमा तयार पारिएको शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षको नेपाशि. ५९८ को पूर्तिका लागि हो । यसलाई सोपाधिक अनुसन्धान मान्न

सकिन्छ । यो अध्ययन पाठ्यक्रम, पाठ्यपुस्तक निर्माता तथा अध्ययन-अध्यापनमा संलग्न जिज्ञासुका लागि पनि उपयोगी हुने ठानिएको छ । साथै भावी अनुसन्धातालाई पनि यसले सहयोग पुऱ्याउँछ । यसको उपयोग नीतिगत र प्रयोगत तहमा हुन सक्ने देखिन्छ ।

### ५.३.१ नीतिगत तह

राष्ट्रभाषा नेपाली जनसम्पर्कको माध्यम, सरकारी कामकाजको माध्यम र विभिन्न विषयका बोध र अभिव्यक्तिको माध्यम पनि हो । तल्लो कक्षादेखि उच्च माध्यमिक तहका सबै सङ्काय र विश्वविद्यालयको शिक्षा र मानविकी तहसम्म अनिवार्य विषयका रूपमा यसको पठनपाठन हुन्छ । भषिक सीप अभिवृद्धिगर्ने अनिवार्य विषयको मुख्य उद्देश्य हो । यसमा भएको अनुसन्धानबाट निस्केको निष्कर्ष पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षणसँग सम्बन्धित व्यक्तिलाई गोरेटो पहिल्याउन मद्दत गर्न सक्छ । यस विषयमा रहेका सबल र दुर्बल पक्षलाई हेरेर सुधारात्मक कदम चाल्न प्रेरित गर्नेछ ।

### ५.३.२ प्रयोगत तह

भाषाको व्यावहारिक पक्षलाई नै प्रयोगमूलकता भन्न सकिन्छ । भाषिक प्रयोग सामान्य र विशिष्ट प्रयोजनका लागि हुन्छ । सामान्य प्रयोग व्यवहार चलाउन हुन्छ भने विशिष्ट प्रयोग ज्ञानविज्ञानका हरेक क्षेत्रसँग सम्बन्धित हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण, अनुसन्धान तथा अध्यापन पनि यसैभित्र राख्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययनले यी सबै क्षेत्रमा संलग्न व्यक्तिलाई मार्ग प्रदर्शन गर्न सक्छ ।

शिक्षाशास्त्रमा उच्च शिक्षा हासिल गरेका व्यक्तिको पहिलो प्रयोगस्थल अध्यापन क्षेत्र नै हो । प्रस्तुत अध्ययनमा गरेको विश्लेषण, निकालेका निष्कर्ष र टिप्पणीले कक्षाभित्र

आदर्श शिक्षकको निर्माण त गर्छ नै माथि भनिएको जिम्मेवारी बहन गर्न समेत सहयोग पुग्नेछ ।

## भावी अध्ययनका लागि सम्भावित शोध-शीर्षकहरू

एउटा अनुसन्धानले एउटा निश्चत पाटो मात्रै उद्घाटन गर्दछ । त्यस अनुसन्धान कार्यसँग सम्बन्धित अन्य पाटाहरू पनि अनुसन्ध्येय हुन्छन् । त्यसैले प्रस्तुत शीर्षकमा शोधकार्य गरेपछि निम्नलिखित शीर्षकमा सम्भावना औंल्याइएको छ ;जसका आधारमा भावी अनुसन्धातालाई शीर्षक चयन गर्न सहज हुने देखिन्छ :

१. **सबैको नेपाली** किताबका नमुना अभ्यासको विश्लेषण ।

२. पुरानो पाठ्यक्रम र नयाँ पाठ्यक्रममा राखिएका कविताको तुलनात्मक अध्ययन ।

३. **सबैको नेपाली** पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको शैलीवैज्ञानिक अध्ययन ।

## सन्दर्भ-सामग्री


अधिकारी, हेमाङ्गराज (२०५०), **नेपाली भाषा शिक्षण,** काठमाडौं : कुञ्जन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र शर्मा केदारप्रसाद (२०५६), **प्रारम्भिक नेपाली शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

उच्च माध्यमिक शिक्षा परिषद् (२०६७), **विशिष्टीकरण तालिका** (प्रश्न योजना), सानो ठिमी, भक्तपुर ।

उपाध्याय, केशवप्रसाद (२०४०), **साहित्य प्रकाशन,** काठमाडौं : साझा प्रकाशन ।

खत्री, महेन्द्र कुमार (२०६८), **कक्षा- १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कविताको विश्लेषण** अप्रकाशित शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

ज्ञवाली, रामप्रसाद र अरू (२०६४), **नेपाली कविता-काव्य,** काठमाडौं : भुँडी पुराण प्रकाशन ।

तिवारी, बुद्धिनाथ (२०६८), कक्षा-**११ को सबैको नेपालीमा रहेका व्याकरणात्मक अभ्यासको शिलेषण** , अप्रकाशित शोधपत्र , कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय । त्रिपाठी, वासुदेव (भूमिका), जोशी, कुमारबहादुर (२०३१), **महाकवि देवकोटा र उनका महाकाव्य,** काठमाडौं : सहयोगी प्रकाशन ।

थापा, हिमांशु (२०३६) **साहित्य परिचय,** काठमाडौँ : साझा प्रकाशन ।

देवकाटा, देवी (२०६७), **कक्षा-११ को ऐच्छिक नेपाली पाठ्पुस्तकमा समाविष्ट कविता विधाको अध्ययन**, अप्रकाशित शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

निरौला, लेखप्रसाद (२०६७), **नेपाली कविता र नाटक,** काठमाडौं : प्रधान बुक हाउस ।

**नेपाली वृहत् शब्दकोश** (२०४०), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, ठाकुर र अन्य (संपा) (२०६७), **सबैको नेपाली,** काठमाडौंः साझा प्रकाशन ।

पोखेल, दीपा (२०७२), **उच्चमाध्यमिक तहको सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधाको अध्ययन**, अप्रकाशित शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

भट्ट,शुशीला (२०७४), **केही कृति केही स्वीकृति**, काठमाडौं :साझा प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०५७), **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा,सरस्वती (२०७५), **पाठ्यक्रम अनुरूपताका दृष्टिले स्नातक तहको साधारण नेपालीका कविताको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित शोधपत्र, काठमाडौं : त्रिभुवन विश्वविद्यालय ।

सुनारी, शिरमाया (२०७३), **पाठ्यक्रम अनुरूपताका अधारमा कक्षा-११ को ऐच्छिक नेपाली पठ्यपुस्तक**, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

०००